CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चित्त विश्रान्ति

[अखिल अद्वैत विश्वविद्यालय नेपालको पाठ्य ग्रन्थ]

०६२४४
ना०वि०पी० पुस्तकालय
मू० २।-

मूल :

ब्रह्मनिष्ठ डा० के. सि. चक्रवर्ती

संस्थापक : अद्वैत संस्था नेपाल



अनुवादक :

पूण्यकीर्ति गंगाराम श्रेष्ठ

अद्वैत संस्था

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चित्त विश्रान्ति

[अखिल अद्वैत विश्वविद्यालय नेपालको पाठ्य ग्रन्थ]

मूल :

ब्रह्मनिष्ठ डा० के. सि. चक्रवर्ती

संस्थापक : अद्वैत संस्था नेपाल

अनुवादक :

पूण्यकीर्ति गंगाराम श्रेष्ठ

अद्वैत संस्था

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

❀ प्रकाशक :
स्व. हर्षबहादुर वस्नेत
सारिङ्
प. २ नं. लंजुङ
गण्डकी अञ्चल (नेपाल)।

❀ मूल्य
३/-

❀ सर्वाधिकार अद्वैत संस्थामा

❀ प्रथम संस्करण
१००० प्रति

❀ प्रकाशन मिति
ऋषि तर्पणि (रक्षाबन्धन)
२०२९

❀ मुद्रक :
भारती प्रेस,
१।१६५ जनरलरोड नारायणगढ (नेपाल)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आशीर्वचन

स्वरूपानुभवमा अन्तर्भूत भएको चित्त विश्रान्ति भन्ने मेरो लेखलाई नेपाली भाषामा अनुवाद गरिकन प्रकाशित गर्नुको ईच्छा खुद्दो अद्वैत महाविद्यालयका अध्यक्ष र स्वरूप ज्ञापक अद्वैत विश्वविद्यालयका सहायक उपकुलपतिबाट जानेर म ज्यादा खुशी भएको छु र म आशीर्वाद गर्छु कि यो प्रयत्न सफल होस् र त्याहाँबाट कल्याण प्राप्त होस् ।

*

के. सि. चक्रवर्ती

२०२६ । २ । २६

अद्वैत संस्था

केन्द्रीय कार्यालय, काठमाण्डू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"ग्रन्थको संक्षिप्त परिचय"

यो ग्रन्थको बारेमा जो लेख्नु पर्ने कुरा स्वरूपानुभव मै श्री भक्त पं. नरपतिलालजीले लेख्नु भयो जस्को अनुवाद यस प्रकार छ :– "चित्त नै हो संसार र त्यही नै बन्धन हो । चित्तको स्वरूप वासना मात्र हो जहिले सम्म वासना क्षय हुँदैन तहिले सम्म ज्ञान प्राप्त हुन सक्दैन र जहिले सम्म ज्ञान हुँदैन तहिले सम्म वासना क्षय हुँदैन । जहिले सम्म मनोनाश हुँदैन तहिले सम्म वासना क्षय हुँदैन र वासनाक्षय नभैकन तत्वज्ञान हुँदैन यसप्रकार तत्वज्ञान, मनोनाश र वासनाक्षयको परस्पर कारणता हुनाले यि तीनैको एकै साथ अभ्यास गर्नुको उपदेश शास्त्रमा गरेको छ । सबै शास्त्र तप, यम, नियमादि साधन चित्त विश्रान्तिको लागि नै हो । ईच्छा शान्त भएन भने सबै साधन व्यर्थ हो । अतः चित्त विश्रान्तिको लागि नै प्रयत्न गर्नु पर्दछ । चित्तको चञ्चलता नै बन्धन हो र चित्तको निश्चलता नै मोक्ष हो । सङ्कल्प द्वारा नै संसारको उदय हुन्छ र असङ्कल्प द्वारा नै उस्को क्षय हुन्छ । सङ्कल्पको क्षय अत्यन्त सजिलो हो । फुल मिच्न वरू परिश्रम गर्नु पर्दछ तर यस्मा कुनै परिश्रम को आवश्यकता छैन किनभने उदासिन रहनाले मात्र सङ्कल्पको क्षय भएर जान्छ । श्री अष्टावक्र मुनिले महाराज जनकलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस विषयमा उपदेश दिदं भन्नु हुन्छ "हरो यद्युपदेष्टाते हरि कमलजोऽपि वा । तथापि न तव स्वास्थ्यं सर्वविस्मरणादृते ॥ अर्थात् यदि साक्षात् श्री शङ्कर विष्णु अथवा ब्रह्मा नै तिम्रो उपदेष्टा भएतापनि जहिले सम्म तिमीले सबैलाई भुल्दैनौ, तँले सम्म तिमीलाई शान्ति मिल्न सक्दैन । यस्तै प्रकारको उपदेश योग वाशिष्ठमा दाशूरले आपनु पुत्रलाई दिएको छ । सारांश, जहिले सम्म सङ्कल्प या वासनाको क्षय हुँदैन तहिले सम्म शान्ति कथमपि मिल्न सक्तैन । योग वाशिष्ठमा पनि भनेको छ :- "अन्तशीतलतां याहि लब्धायां शीतलं जगत् । अन्तस्तापोपतप्तानां दावदाहमयं जगत् ।" यसो भएकोले जसले भीत्र बाहिर शान्ति चाहन्छ उसले चित्त शान्तिको लागि प्रयत्न गर्नु पर्दछ । लेखक महोदयले यही चित्त विश्रान्ति को प्रतिपादन अत्यन्त सुन्दर ढंगले गर्नु भएको छ । यसको जति जति अध्ययन गर्दै जान्छ उति-उति नै शान्ति प्राप्त हुँदै जान्छ । जिज्ञासुहरूले यो विषयलाई श्रद्धा एवं अत्यन्त एकाग्रताले सेवन गर्नु योग्य हो" ।

यसरी सर्व प्रथम यो ग्रन्थ बनारसको सन्मार्ग प्रेसबाट सिद्धान्त पत्रिकाको रूपमा प्रकाशित भएको थियो र यसलाई पुस्तकाकारमा स्वरूपानुभव नाम दीकन श्री क्षितीश बाबुको शिष्य परमभक्त पं० नरपतिलालज्यू द्वारा बडो परिश्रमको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साथ हिन्दी भाषा मे प्रकाशित भयो र अहिले यो हिन्दी को नेपाली मातृ भाषामा श्रद्धेय श्री अध्यक्षज्यू चूडामणि वस्नेत अ० म० विद्यालयबाट प्रकाशित भै रहेको छ। ग्रन्थको मार्मिक विषयलाई संक्षिप्त रूपमा श्री पं. नरपतिलालज्यूबाट पनि लेखिएको फुरा माथि बताएर आएँ तर यतिबाट मात्र हृदयमा सन्तोष नलागेबाट पुनः यो ग्रन्थको बारेमा एकाध कुरा पाठक सज्जन हरूको अगाडि राख्दैछु। जहिले सम्म मुमुक्षु प्रमाणमा कुशल हुंदैन तहिलेसम्म उसको हृदयको चित् र जडको ग्रन्थि सम्यक रूपले भेदन हुन सक्दैन र ग्रन्थि भेदन बीना मुक्ति कथमपि सम्भव हुंदैन। त्यसकारण यो ग्रन्थमा यै प्रमाण को बारेमा अत्यन्त मार्मिक ढंगले प्रतिपादन गरिएको छ।

जहां पनि प्रमा जो यथार्थ ज्ञान हो त्यसको साधनलाई प्रमाण भनिन्छ र यस्तो प्रमाणको प्रमाणता हो वस्तु तत्व लाई गोचर गरिदिनु। यदि अविद्यमान वस्तुलाई कुनै प्रमाणले गोचर गर्दछ भने त्यसलाई प्रमाण भनि मात्र सकिदैन। त्यसकारण प्रमाण द्वारा केवल विद्यमान वस्तुलाई नै विषय गर्दछ जो वस्तुतः सदैव विद्यमान अद्वैत आत्म स्वरूप हो। यस अतिरिक्त "प्रमाण द्वैत वस्तुलाई विषय गर्दछ" यसप्रकारको भनाई हो सर्वथा भ्रान्ति मूलक, यथार्थ ज्ञान होईन र त्यस्तो भ्रान्ति मूलक चेष्टा केवल व्यर्थमात्र नभैकन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महान अनर्थको पनि कारण हुन्छ ।

यस्तो मार्मिक कुरा सबै सज्जन भक्तहरूले सुगम पूर्वक बुझ्न सकुन् र आफ्नो सर्वदा प्राप्त आत्म स्वरूपको सम्यक अनुभूति पूर्वक सदा कालको लागि कृत-कृत्य बनोस भन्ने उदार कामनाले यस ग्रन्थमा अत्यन्त दया पूर्वक "सुषुप्ति काल, वस्तु दर्शन काल र समाधिकाल यो तिनै अवस्थाको अनुभवकाल हो खास आत्म साक्षात्कारको अवस्था भनि शास्त्र, युक्ति र क्षणिक अनुभूति पुर्वक आफ्नू यास्तविक अद्वय आत्म साक्षात्कारलाई हर हालतमा जुन कुनै वस्तुको अनुभव या ज्ञान कालमा पनि सर्व प्रथम आत्म साक्षात्कार हुन्छ भनि वेदान्तको उच्चाति उच्च अत्यन्त गम्भीर र मार्मिक अर्थलाई प्रमाण पूर्वक बडो सुगमता संग प्रदर्शन गरिदिनु भएको छ । जसको सुष्पष्टता ग्रन्थकै अध्ययनबाट पाउनु हुनेछ ।

अर्को कुरा मानिसको चित्त किन विश्राम हुंदैन भने जहिले सम्म हृदयमा कामना रहो रहन्छ जसलाई इच्छा बन्धन या हृदय ग्रन्थि भनिन्छ । यस्तो कामनारूप ईच्छा हो चार प्रकारको जस्तो (१) ईष्ट वस्तुको प्राप्तिको ईच्छा (२) अनिष्ट वस्तुको त्यागको ईच्छा (३) ईष्ट वस्तुको ज्ञानको ईच्छा र (४) ईष्ट वस्तुको प्राप्तिको लागि ज्ञान पुर्वक प्रवृत्ति किम्वा प्रयत्नको इच्छा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तर ई कुनै पनि ईच्छा मुमुक्षुको आफ्नू वास्तव स्वरूपमा विलकुलै छैन । त्यसकारण जुन मुमुक्षुले आफूलाई उपरोक्त चतुर्विध ईच्छा किम्वा प्रेप्सा, जीहासा, जिज्ञासा र चिकिर्षा देखि रहित सत् चित् आनन्दरूप परमात्मा भनी वडो धीरता पूर्वक निश्चय गर्दछ त्यसैलाई हृदय—ग्रन्थि भेदन पूर्वक आत्म स्वरूपको सम्यक साक्षात्कार संम्भव हुन्छ ।

यसरी सर्व इच्छाको निवृत्ति नै हो विश्रान्ति लाभ । इच्छा रहनु सम्म परिश्रमको अभाव कदापि सम्भव छैन । त्यसैले भगवान् वशिष्ठ पनि ज्ञानको सर्वस्व भन्नु हुंदै राम प्रति आज्ञा गर्नु हुन्छ " एकमात्र ईच्छा नै हो वन्धन र सर्व ईच्छा रहित भएर रहनु हो मुक्ति " । त्यसकारण हे विचा-रशील राम ! परम पुरूषार्थरूप मुक्ति किम्वा विश्राम लाभको निमित्त सदाकाल यत्नैना तत्परायण रहिरहनु हो बुद्धिमान मनुष्य को परम कर्तव्य चाहे वाह्य ऐश्वर्यको सर्व नास नै किन नहोस् ?

एवम् प्रकार सम्पूर्ण शास्त्र र त्यस्मा वताइएको जप, तप, या पूजा ध्यान त्यागेर ठूल ठूलो यज्ञ यागादि उपवास हरूको पनि एकमात्र तात्पर्य हो मानिसलाई सदाकालको लागि चित्तको विश्राम दिलाउनु । यो चित्त विश्रान्तिरूप परम पुरूषार्थ प्राप्ति देखी अतिरिक्त कुनै वस्तुको ईच्छा मनमा खडा गरी मिहिनेतका साथ त्यो इप्सित पदार्थको प्राप्ति द्वारा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एक क्षणको लागि चित्त शान्त गरी जन्य सुखको अनुभव गर्न होइन ।

अन्तमा सर्व मुमुक्षुहरूको परम कल्याण होस् भन्ने धारणाले यो हिन्दी भाषाको "चित्त विश्रान्ति" नामक प्रमाण परक वेदान्त ग्रन्थलाई नेपाली मातृ भाषामा प्रकाशित गर्नु भएका श्रद्धेय अध्यक्षज्यू प्रति धेरै-धेरै धन्यवाद ज्ञापन गर्दछु । एकाग्रता र श्रद्धाको साथ यो ग्रन्थको अध्ययन गर्नु भएमा अन्य कुनै साधनादि वीना यसै ग्रन्थद्वारा मात्र नै मुमुक्षुको चित्त परम निर्वाण अवस्थामा प्राप्त हुनेछ । यसमा कुनै सन्देह छैन ।

यस्तो मार्मिक ग्रन्थ रत्नको मूल रचयिता अद्वैत संस्था किम्वा अखिल अद्वैत विश्व विद्यालयका संस्थापक तथा कुलपति परम पूज्य गुरूचरणको दिर्घायु र मुमुक्षुहरूको हृदय यस ग्रन्थको अध्ययनमा संलग्न रहोस् भन्ने भगवान पशुपतिनाथ संग कामना गर्दै यो ग्रन्थको संक्षिप्त परिचय यहिं समाप्त गर्दछु ।

वेदान्त सिरोमणी
बाबुराम सरस्वती देशिकोत्तम
अद्वैत मुख मण्डन
नवरत्नको अन्यतम रत्न
अद्वैत संस्था नेपाल,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हार्दिक उद्गार

शांकर वेदान्तको पूरक हो वाशिष्ठ वेदान्त । विद्वत्ता प्रदान गर्छ शांकर वेदान्तले भने ब्रह्मज्ञान पैदा गरिदिन्छ वाशिष्ठ वेदान्तले । अज्ञान, माया आदि शब्दहरूको अर्थ सहजरूपले बुझिदैन किन्तु वासना शब्द ज्यादा प्रचलित भएकोले त्यसको आशय मुमुक्षुले सहज रूपले बुझ्न सक्दछन्, वाशिष्ठको अध्ययन विना साक्षात्कार हुँदै हुँदैन । अहंकारलाई समष्टि साक्षी, व्यष्टि साक्षी र प्रमातारूपमा व्याख्या गरिकन मोक्षाभिलाषी सज्जन लाई मुक्तिको द्वार तिर सजिलोसित प्रवेश गराउन सक्षम भएको योग वाशिष्ठको सामने अहंकारको सामान्य उल्लेख गरिएको शांकर वेदान्त अवश्य पनि केवल वेदान्तमा प्रविष्ट गराउन सहायक मात्र हो । अझ योग वाशिष्ठको मार्मिक व्याख्या गरी-कन मुमुक्षुहरूलाई मोक्ष साम्राज्यमा पुऱ्याउन त अद्वैत संस्था नै सक्षम छ, त्यसैले आज यो संस्था आएको हो । अन्यथा प्रशस्त वेदान्ताचार्यहरू र योगवाशिष्ठको पचासौं आवृत्ति गर्नेहरू पनि आफूलाई प्रमाता देखि माथिको भनी निश्चय गर्न सकेका छैनन् । श्रद्धाभक्तिले यो ध्रुव सत्य कुरालाई अंगीकार गर्नु नै सौभाग्य हो कि आज अद्वैत संस्थाको शरण नलीकन दुःखमय भवसागरबाट उत्तीर्ण हुने दोस्रो बाटो छैदै छैन' जस्ता रहस्य-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मय, असंभावित देखिए तापनि अत्यन्त- सत्य कुराको समुद्घाटन गरिवक्सने वेदमूर्ति श्रीचरण डा० चक्रवर्तीज्यू आज अप्रतिभ व्यक्तित्व लिएर आविर्भूत हुनु भएको छ ।

उहाँद्वारा लिखित एउटै ग्रन्थ पढे पनि जीवनको अन्तिम लक्ष्य परम पुरूषार्थ मोक्ष प्राप्त गर्न अनायास सकिने हुँदा यो "चित्त-विश्रान्ति" नामक निवन्ध रत्नलाई संभालेर आदर पूर्वक संग्रह गर्ने सज्जनहरू सजिलोसित अज्ञानलाई उल्लंघन गर्न सक्नु हुनेछ । यो मेरो अनुभवपूर्ण अनुरोध हो ।

अन्तमा श्री पूज्य गुरूदेवको पादारविन्दमा कोटिशः वन्दना टक्र्याउँदै ग्रन्थरत्नका प्रकाशक उदारमना श्री चूडामणि वस्नेत-ज्यूलाई सहस्रशः हार्दिक धन्यवाद दिदै यो छोटो उद्गार यहीं परिसमाप्त गर्दछु ।

विनीत

—ज्ञानेश्वर सरस्वती

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकाशकीय

मेरा परमपूजनीय पिता स्व० हर्षबहादुर वस्नेतको र पूज्य माताको शुभाशिर्वाद एवं प्रातःस्मरणीय गुरुदेव ब्रह्मनिष्ठ डा० क्षितीशचन्द्र चक्रवर्ती एम. ए., डि. फिल., वि. एल. को अनुकम्पाको फलस्वरूप अद्वैत वेदान्तको मुकुट मणि यो "चित्त विश्रान्ति" आज सरल मातृभाषामा मुमुक्षुहरूको समक्ष आई रहेको छ ।

प्राणिमात्रले विश्रान्ति पाउन ठूलो प्रयत्न गरी रहेका छन् किन्तु विश्रान्ति कसरी लाभ गर्न सकिन्छ भन्ने कुराको राम्रो जानकारी नभएको हुनाले कसैले आफ्नो ईच्छा पूर्ति गर्न सकेका छैनन् वरू झन्-झन् दुःख एवं छट्पटीको नै अनुभव गरीरहेका छन् । यसै कुरालाई ध्यानमा राखु भै प्राणि मात्रको कल्याण चाहनु हुने गुरूवरले यो "चित्त-विश्रान्ति" को रचना गर्नु भयो । आफ्नो स्वरूपमा चित्त नपुगेसम्म या आफूमा चित्त निमज्जित नभए सम्म कसैले पनि विश्रान्ति लाभ गर्न सक्तैन । मानिसहरू आफूले चाहना गरेको विषय वस्तु पाउँदा र नचाहेको वस्तु हटाउन पाउँदा एकै छिन भने पनि जो सुखको अनुभव गर्दछन् त्यो सुख वस्तुतः आत्मामा चित्तको विश्रान्ति द्वारा प्राप्त भएको हो । यसरी मानिस छिन-छिनमा आत्मामा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुगी रहेका छन् , आत्मामा विश्राम गरी रहेका छन् र त्यसैको फलस्वरूप आनन्द लाभगरी रहेका छन् किन्तु त्यस कुराको जानकारी मानिसलाई छैन । जसको जानकारी हुनु वाञ्छनीय छ । यस कुरालाई युक्ति पूर्वक प्रस्तुत ग्रन्थले देखाएको छ । यसै हुनाले यो ग्रन्थलाई वेदान्तको मुकुट् मणि भनिएको छ । पाठकले श्रद्धापूर्वक यसलाई हेर्नु भए यस कुरामा अत्युक्तिको गन्ध सम्म पनि पाइने छैन ।

मेरो पूज्य पिताको पालामा अद्वैत संस्था भर्खर जन्मिएको मात्र थियो । सत्संग आज भोली जस्तो सुलभ थिएन । तथापि पूज्य गुरूदेवको खुदी धन पोखराको पदार्पण समयमा पिताजीले उहांको दर्शन र उपदेश लाभ गर्ने अहोभाग्य चाहीं पाउनु भो । गुरूको दुई पटकको दर्शनले पिताजीबाट हामिले सन्मार्गप्रवृत्ति लाग्न बराबर प्रेरणा र शिक्षा पाउँथ्यौं । यसैमा पिताजीको प्रारब्ध शेष हुन गयो, हामी माथि ठूलो वज्रपात पर्न आयो । वेदान्तको निर्भय मार्ग बारे केही थाहा थिएन— हामी अत्यन्त शोकमग्न थियौं । पिताजीको असामयिक निधनले गर्दा । यसैमा अद्वैत संस्था खुदी शाखाका सचिव आत्मीय " चांगा-रास्न श्रेष्ठ " ज्यूबाट एउटा लामो पत्र र क्षितीशबाबु रचित आत्मप्रकाश र " महौषधि " नामक दुई साना पुस्तिकाहरू प्राप्त भयो । पत्रमा शोक सन्तप्त हामिलाई सान्त्वना दिनुका साथै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शरीर संसारको सञ्चालन, संयोग वियोग र सुख दुःखादि सबै सर्व शक्तिमान ईश्वरको नीति अनुसार हुने कुराको संकेत गरिएको थियो । यसले हामिलाई ठूलो आधार मिल्यो अनिसार्थै आपनो भित्र संस्कार रूपले रहेको आस्तिक संस्कारले उद्‌बोधन हुने ठूलो मौका पायो । फलस्वरूप विस्तार विस्तार हृदयमा अद्वैत वासनाले ठाउं लियो, अद्वैत संस्था संग सम्पर्क जुऱ्यो—सत्संग लाभ गर्ने ठूलो मौका मिल्यो, पूज्य गुरूदेवको साक्षात दर्शन गर्ने र उहांको अमृतमय उपदेश सुन्ने सुयोग पनि पाएं । गुरूको अनुकम्पाबाट अद्वैत वेदान्तको मर्म बुझ्न सकें, यसैमा संलग्न हुन थालें पनि । यसरी सुमार्ग तिर अग्रसर हुन प्रेरणा दिनु हुने मित्रवर श्री गंगारामजीको म कृतज्ञ छु ।

अनि फेरि प्रस्तुत " चित्त-विश्रान्ति " लाई हिन्दी भाषा-बाट नेपालीमा अनुवाद गरीदिनु भएर श्री गंगारामजीले ठूलो गुन लगाउनु भएको छ । प्रमाण परक यो पुस्तिकामा वेदान्तका धेरै मसिना विषयहरूको विवेचना गरिएका छन् । त्यस्ता विषय-हरूमा डुबी लेखकको आशयलाई हृदयगंम गरी अनुवाद गर्नु कठिन कुरो हो—तथापि मेरो अनुरोध अनुसार सो कार्य सम्पन्न गरीदिनु भएकोमा म उहाँलाई र अनि ग्रन्थको परिचय लेखी दिनु हुने वेदान्त सिरोमणि श्री बाबुराम सरस्वतीज्यूलाई सादर धन्यवाद ज्ञापन गर्दछु । अनि यस्तो अमूल्य ग्रन्थलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकाशित गर्न अनुमतिका साथै आशिर्वाद प्रदान गर्नु हुने ग्रन्थका लेखक परम पूज्य गुरूदेव ब्रह्मनिष्ठ डा० चक्रवर्तीज्यू मा श्रद्धा र भक्ति पूर्वक वन्दना गर्दछु ।

पिताको प्रसन्नताबाट नै पुत्रले तृप्तिलाभ गर्दछ किनकि पिता नै धर्म, पिता नै स्वर्ग र पिता नै परमतप हुनुहुन्छ पिता प्रसन्न हुनु भए सबै देवता तुष्ट हुन्छन्—अनि देवताको आशिर्वाद र अनुग्रह भए पछि नै मानिसमा अद्वैत वासनाले वास गर्दछ र अन्ततः नित्यतृप्ति वा विश्रान्ति लाभ गर्दछ । यसैले मैले यो किताप मेरा प्रातःस्मरणीय, आराध्य पिता हर्ष वहादुर वस्नेतको पूण्य स्मृतिमा र उहांको आत्मशान्तिको लागि प्रकाशित गरी नेपालको एकमात्र विचार प्रधान आध्यात्मिक प्रतिष्ठान अद्वैत संस्थाको आदर्श शाखा खुदी वेनीलाई पिताजीकै नाउंमा सादर समर्पण गर्दछु ।

पूज्य पिताको शुभाकांक्षानुसार सबै श्रद्धालु मुमुक्षु हरूको यस ग्रन्थबाट पूर्णलाभ होस् भन्ने कामना गर्दछु ।

पुत्रदा एकादशी
२०२६

चूडामणि वस्नेत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क० ६२४४
वा०वि०पीठ,
पुस्तकालय:

चित्त-विश्रान्ति

मू० २।—

यस निबन्धमा प्रश्नोत्तर द्वारा चित्तको एकाग्र तथा निरुद्ध भूमिकाको विचार गरिने छ ।

प्रश्न- "वशिष्ठ, अष्टावक्र आदि अनेक जीवन्मुक्त महापुरुषहरूले त आत्मज्ञानलाई सुलभ भनेका छन् । के यो साँचो हो ?

उत्तर- "हो, जो उत्तम अधिकारीहरूको दृष्टि अन्तर्मुख भै सकेको छ उनाहरूको अन्तःकरण अन्तरात्मामा स्थित भएको हुनाले उनीहरूलाई स्वरूप विज्ञान सजिले संग सिद्ध हुन्छ । 'गीताभाष्य' (अ० १८ श्लो० ५०) मा भगवान शङ्कराचार्यले भन्नु भएको छ कि "तद्विपरीतानां तु लौकिकग्राह्यग्राहकद्वैतवस्तुनि सद् बुद्धिः नितरां दुःसम्पाद्या आत्मचैतन्यव्यतिरेकेण वस्त्वन्तरस्य अनुपलब्धेः । तस्मात् बाह्याकार भेदबुद्धि निवृत्तिः एव आत्मस्वरूप लम्भने कारणम् । तस्मात् यथा स्वदेहस्य परिच्छेदाय न प्रमाणान्त-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रापेक्षा, ततोऽपि आत्मनः अन्तरतमत्वात् तदवगतिं प्रति न प्रमाणान्तरापेक्षा। येषामपि निराकारं ज्ञानं अप्रत्यक्षं, तेषामपि ज्ञानवशा एव ज्ञेयावगतिरिति ज्ञानं अत्यन्तं प्रसिद्धं सुखादिवत् एव इति अभ्युपगन्तव्यम्। तस्मात् ज्ञाने यत्नो न कर्तव्यः किन्तु अनात्मबुद्धि निवृत्तौ एव। तस्मात् ज्ञानानिष्ठा सुसम्पाद्या"।

अर्थात् आत्मचैतन्य वाहेक अरू वस्तु नहुनाले लोकमा लिइने र लिने दुवै पदार्थमा साँचो बुद्धि बिल्कूलै हुन सक्तैन, अतः बाह्याकार भेद बुद्धिको निवृत्ति नै आत्मस्वरूपको ज्ञानमा कारण हुन्छ। यसैले आफ्नो शरीरलाई जान्न जरुरी अरू प्रमाणको आवश्यकता हुदैन त्यस्तै शरीर भन्दा पनि घेरै भित्र भएको हुनाले आत्माको ज्ञानगर्नमा अरू प्रमाणको आवश्यकता छैन। जसको मतमा निराकार भएकोले ज्ञान अप्रत्यक्ष छ (ज्ञान देख्न सकिन्न भन्ने छ) उनको मतमा पनि ज्ञेयवस्तुको अवगति ज्ञानाधीन नै हुन्छ। यसैले मान्नु पर्दछ कि ज्ञान सुख आदि झैं अत्यन्त प्रसिद्ध छ। अतएव ज्ञानमा यत्न न गरेर अनात्मबुद्धि हटाउनमा नै यत्न गर्नु पर्दछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सारांश यो हो कि ज्ञाननिष्ठा सम्पादन गर्नु अत्यन्त सजिलो छ ।"

प्रश्न- "आत्मा त ज्ञान स्वरूप नै हो, फेसे उसलाई जान्नु पर्ने प्रसंग नै कसरी हुन सक्छ ?"

उत्तर- आत्मा शरीर होइन, अहङ्कार होइन, यसरी अनात्म वस्तुलाई निषेध गर्दै आफ्नो स्वरूपको निर्णय गर्न सम्भव एवं सफल हुन्छ । देशकालादि द्वारा नछेकिएको आत्मतत्व स्वतः प्रकाशरूप हुनाले संधै नै अनुभव गोचर रहन्छ । उसलाई राम्ररि जान्नाको लागि त्यसैमा लागि राख्नु नै एकमात्र साधन हो । भिन्न-भिन्न विषयक वृत्तिरूप ज्ञान प्रकाश्य भएर पनि उपाधिले छेकिएको, अनन्त आभासज्ञानसमूह भित्र अनुस्यूत रूपमा रहेको जो सामान्य, अपरिणामी, अखण्ड ज्ञान हो, जो सारा विशेष खण्ड ज्ञानराशिको वास्तविक रूप हो, त्यो अरू साधनबाट प्रकाशित हुन योग्य नभए पनि अप्रकाशित कसरी रहन सक्छ ?"

प्रश्न- "ठिकछ, यसो भए यो चिद्रूप आत्माको ज्ञान कसरी हुन सक्छ ?"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उत्तर- "कुतर्क रहित एवं श्रद्धायुक्त बुद्धिको सहायताबाट विचार गरे पछि 'अगाडि रहेको घट विषयको ज्ञान' यस्तो भन्दा घटरूप प्रकाश्य अंश र ज्ञान-रूप प्रकाश यी दुई भाग देखिन्छन। प्रकाशको अन्तर्गत भएकोले प्रकाश्य अंश हो, किन्तु त्यो-भासकको बाहिर छैन; अतएव त्यो भासकभास्य रहित नै सिद्ध हुन्छ। सारा दृश्य पदार्थ विषयक भिन्न भिन्न वृत्तिज्ञानमा अनुगत या आरूढ यो भासक नै कूटस्थ चित्स्वरूप आत्मतत्व हो।"

प्रश्न- "ज्ञानमा देखिने भेद वास्तव किन हैन?"

उत्तर- "घट ज्ञानमा घटरूप जानिने भाग ज्ञानस्वरूप होइन, किनकि त्यो आफूलाई प्रकाशित गर्न सक्तैन किन्तु छुट्टै प्रकाशरूप संवित्को सहायताबाट नै देखिन्छ। यसैले ज्ञानस्वरूप देखि अत्यन्त भिन्न घटादि जानिने पदार्थको आपसको भेदले प्रकाशक आत्मामा भेद सिद्ध हुंदैन।"

प्रश्न- "घट र पट जस्तो भिन्नै पदार्थ हुन, त्यस्तै नै घट ज्ञान तथा पटज्ञान पनि त भिन्ना भिन्नै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रूपमा देखिन्छन्। अतएव ज्ञानमा पनि त भेद स्पष्ट देखिन्छ।"

उत्तर- "एक, सीमारहित आकाशमा जस्तो घटाकाश, मठाकाश आदि भेद घट एवं मठको भेदको कारणले भान हुन्छ। त्यसबाट आकाशमा भेदको स्पर्श हुन सक्तैन। त्यस्तै नै साक्षी तत्वमा वास्तव विषय अथवा पुरुष द्वारा गरिएको कुनै कल्पना रहन सक्तैन। साक्ष्य द्वारा संधै नछोइएको हुनाले भिन्न भिन्न ज्ञानको आश्रय भएर पनि शुद्ध चेतन संधै भेदशून्य एवं उपाधिद्वारा छेकिएको रूपमा देखिएको भिन्न भिन्न घटादि विषयक ज्ञानमा अनुगत भएको सारा खण्डित ज्ञानहरूलाई सत्ता स्फूर्ति प्रदान गर्ने त्यो अखण्ड एकरस चैतन्य नै जीवको यथार्थ स्वरूप हो।"

प्रश्न- "घट ज्ञान, पट ज्ञान इत्यादि ठाउँमा जो भेद देखिन्छ, त्यो स्वाभाविक या सत्य नभएर उपाधिबाट गरिएको अथवा मिथ्या किन हो ?"

उत्तर- "घट ज्ञानमा देखिने जो घटरूप वेद्य अंश हो, त्यो स्वयं प्रकाशित हुन नसक्ने हुनाले ज्ञान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अंशको स्वरूप या वित्तोरूप ज्ञान होइन, यसैले प्रकाश्य पदार्थ देखि प्रकाश या ज्ञान भिन्न हो। यो चिच्छक्ति नै चेत्यलाई अवभासित गर्दछ। विषय स्वयं अप्रकाशित— सत्ता र स्फूरण शून्य— भएर ज्ञानशक्ति द्वारा प्रकाशित हुन्छ, अतः वेद्य-गत भेद विलक्षण स्वभाव चितिलाई स्पर्श गर्न सक्तैन। यसैगरी 'यो घटाकाश हो', 'यो मठाकाश हो', इत्यादि ठाउंमा देखिएको भेद घटादि जानिने विषयकै धर्म हो, त्यसबाट चित् या ज्ञानको कुनै सम्बन्ध संभव छैन। सेतो, निलो, बाटुलो आदि भिन्न भिन्न आकारमा देखिने परस्पर भेद त्यही जानिने वस्तुमा नै देखिन्छ। यो देखिने भेद निराकार साक्षी चेतनबाट धेरै टाढा रहेको हुनाले ज्ञानस्वरूपमा भेद उत्पन्न गर्न सक्तैन।"

प्रश्न- "यो विषय प्रत्यक्षरूपमा कसरी उपलब्ध हुन सक्छ ?"

उत्तर- यो सजिलै संग अनुभवगोचर गर्न सकिन्छ। असङ्कल्परूप युक्ति द्वारा ज्ञान भए पछि ज्ञेय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पदार्थलाई छुट्याएर आकार शून्य ज्ञानलाई हेर्न सकिन्छ। मनलाई सङ्कल्प रहित गरे पछि —सारा प्रकारको चिन्तालाई छाडे पछि—शुद्ध, सूक्ष्म मनको सहायताबाट अनायास नै ज्ञेय वस्तुरहित केवल ज्ञानको नै अनुभव हुन्छ। यसैलाई मनको अन्तर्मुखता, एकाग्रवृत्ति या स्वात्मानुभव भनिन्छ। जबसम्म चित्तमा घटादि दृश्यको भावना या स्फूरण हुन्छ, तब सम्म नै दृष्टिको स्थूलता, मनको सङ्कल्परूपता या ध्येय पदार्थको भाव रही रहन्छ फलतः घट पटादि विषयक विभिन्न परिणामि सकल प्रत्यय संग मिश्रित भएर, सङ्कल्पित पदार्थको आकारमा छिन छिनमा बदलिने अन्तःकरणको वृत्तिहरू माथि आरूढ या प्रतिफलित भएर एक अखण्ड, स्वप्रकाश चिति भासमान हुन्छ। जसरी ऐनामा भिन्दा भिन्दै छायाँहरू देखिएको समयमा एउटै मुख भिन्दा भिन्दै आकारमा देखिन्छ, त्यसै गरी टुक्रिएको अनात्म विषयक भावना द्वारा रंगिएर चैतन्य बेग्ला बेग्लै रूपमा जानिन्छ। जब 'यो होइन', 'यो पनि होइन' यसरी सारा मनमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खडा गरिएका पदार्थहरू मनबाट हराएर जान्छन् तब सारा निषेधहरूको परिसमाप्तिरूपमा शुद्ध बोध नै प्रकाशित रहन्छ। 'चित्स्वरूप यस्तो छ' यसरूपमा अनुभव गर्ने वाला देखि भिन्न रूपमा चैतन्यको ज्ञान नभए पनि जान्ने वालाको संधै अव्यभिचारी एवं प्रकाशशील आफ्नो स्वरूप भएको हुनाले ध्येय पदार्थको अभाव कालमा सारा दृश्य रहित, अखण्ड, निराभास, निराकार, चिदेकस्वरूपमा आत्मा प्रकटित हुन्छ।"

प्रश्न- "तब मुमुक्षु कसरी अनुभव गर्ला?"

उत्तर-"शुद्ध चिति जान्नेवालाको यथार्थ स्वरूप भएको हुनाले उसबाट भिन्न होइन, यसैले उसलाई कुन रूपमा र कसले जान्ला? शुद्ध अनुभव कर्ताको आफ्नै स्वरूप भएकोले, इन्द्रियहरूको कार्वाईले कर्तामा प्रभाव पार्दैन। त्यसैले आत्म विषयक भानमा 'यो यस्तो हो' यस्तो वेद्यता संभव हुँदैन। परन्तु भूलले आत्मरूपमा देखिएको जानीने शरीरादि सारा अनात्म दृश्य पदार्थलाई 'यो म होइन' यसरी हटाइए पछि आफ्नो यथार्थ स्वरू-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पक्को कुनै तरह अभाव सम्पादन गर्न सकिंदैन। अतः सारा अभाव गरे पछि अरू कुनै पदार्थ देखिन सम्भव नभएकोले अवशिष्ट रूपमा शुद्ध आत्मतत्व नै स्वयं प्रकाशमान हुन्छ। यो ज्ञान-स्वरूप आत्मस्थितिबाट व्युत्थान कालमा त्रिपुटीको सहायताबाट फेरा सम्झनु या उपदेश गर्ने समयमा ज्ञानरूप आत्मालाई वेद्य भनिएको हो। अथवा पहिले न जानिएको र पछि परोक्षरूपबाट जानिएको चिदात्मतत्व नै समाधिका परिपाक दशामा निरावरण चैतन्यस्वरूप भनी राम्ररी जानिन्छ।

प्रश्न- शरीर, मन, प्राण आदि जब साक्षात् म रूपमा (आफ्नो वास्तव रूपमा) अनुभूत हुन्छन्, तब यी सबैमा अहङ्कार कसरी नहुन सक्छ ?"

उत्तर -"आफ्नो निजी स्वरूप सदा अव्यभिचारी छ परन्तु देहादि अस्थिर स्वभाववाला भएको हुनाले कारण शरीरादिमा आफू बुद्धि भूलले सिद्ध हुन्छ। आत्मा स्वप्रकाश भएको हुनाले सधैं म रूपमा (अन्तरतम या आत्मरूपमा) स्फुरित हुन्छ, शरीरादि त्यस्ता हैनन्। जुन समय बाहिरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

घटादिको ज्ञान हुन्छ, त्यस समय पनि शरीरादिमा अहं बुद्धि रहंदैन (अरू विषय भासित भए पछि घटादिमा अहङ्कारको अवभास निवृत्त हुन्छ), अतः घटादि देखिएको बेला गोरो, मोटो आदि गुण युक्त शरीरको स्फुरण घट ज्ञानमा देखिदैन (घट ज्ञानमा शरीरको गुणको ज्ञान-प्रसङ्ग अनुभव विरुद्ध हो)। 'यो शरीर मेरो हो' यस प्रकार आफू देखि भिन्न रूपमा शरीरको प्रत्यक्ष ज्ञान हुन्छ, अतः शरीर आत्मा देखि भिन्नै लक्षणको र अनात्मस्वरूप सिद्ध हुन्छ । "

प्रश्न- " घट-दर्शन कालमा चैतन्य आत्मा पनि त अह रूपमा स्फूरित हुंदैन ? "

उत्तर- " होइन, यो ठिक होइन किनकि आत्माको स्फुरण बिना घटादि कसरी प्रकाशित हुन सक्छ आत्माको उज्यालोबाट नै त घटादि सार अनात्मदृश्य प्रपञ्च देखिन्छन् । "

प्रश्न- " प्रकाशमान रहेर पनि आत्मा त्यसबेला अ रूपमा स्फूरित हुंदैन । "

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उत्तर- "होईन, यो ठीक होइन। प्रकाशमानता अहंरूपमा नै योग्य हुनाले आत्मा सर्व प्रत्यग्रूपमा (सबैको आफ्नो शुद्ध स्वरूपमा) प्रतिभात हुन्छ। देहादि न देखिएको समयमा अहं पदार्थको अस्फूर्ति हुनु संभव छैन (अर्थात् स्फूर्ति नै हुन्छ) त्यसैले प्रत्यक्तत्वरूपमा स्फूरित हुनु नै आत्मस्वरूपको प्रकाशशीलता हो।) यसैले 'मैले घट जानें' यस्तो प्रत्यक्ष ज्ञानको संभावना हुन्छ। अन्यथा (अहंरूपमा चिदात्माको स्फूरण नमानेमा) घट देखिएको समयमा 'म छु कि छैन" यस्तो संशय र उल्टा ज्ञानको अभाव 'सिद्ध हुन सक्तैन।"

प्रश्न- "यस्तो स्थितिमा अहंरूपमा हुने स्फूरण घटादि विषयक नै होला ?"

उत्तर- "होइन, घटादि देखिएको वेलामा घटादि सम्पर्कलाई स्वीकार गरे पनि 'यो मेरो शरीर हो' यसरी देहादि ज्ञानको वेला देह संसर्गको ज्ञान सम्भव छैन, किनकि देहको द्रष्टा स्पष्ट नै देह देखि भिन्न छ।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रश्न- "यो व्यक्ति चैत्र हो" यस्तो ज्ञानकालमा चैत्रको चिदात्मा पनि अगाडी देखिएको यो प्रत्ययको विषय हुनाले म रूपमा स्फूरित हुन योग्य छैन।

उत्तर- "यो ठिक छैन, किनकि त्यस समय चैत्रलाई आफ्नो चित्स्वरूपको बोध (म विषयक ज्ञान) अत्यन्त स्पष्ट (थाहा) हुन्छ।

प्रश्न- "चेतनको 'म' रूपमा स्फूरण जाग्रत अवस्थामा रही रहे पनि सुषुप्ति तथा समाधि दशामा त त्यो रहन सक्तैन।"

उत्तर- "त्यसबेला म नरहे त सुषुप्ति तथा समाधि पछि "म सुतेको थिएं' यस्तो संझना र 'म समाधिमा बसेको थिएं' यस्तो अनुसन्धान हुन सक्तैन। अतः जाग्रत देखि अरू समयमा पनि असङ्ग प्रत्यगात्मस्वरूपको (म को) स्फूर्ति मान्नु नै पर्छ।"

प्रश्न- "सुषुप्ति तथा समाधि कालमा त आत्मा निर्विकल्प भावले रही रहन्छ, अतः त्यसबेला 'म' रूप सविकल्प भाव कसरी हुन सक्छ?"

उत्तर- "भेदयुक्त भाव सविकल्प र भेदशून्यभावलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निर्विकल्प भनिन्छ । परिच्छिन्न शरीरादिभाव सहित 'अहं प्रतीति (विलक्षण र विकारी शरीरादि विषयक हुनाले) सविकल्प अहंज्ञान हो र समाधि तथा सुषुप्ति दशामा (अरू कुनै भिन्दै वस्तु नभएको हुनाले) केवल अखण्ड, एकरस, सारा भेदभावशून्य साक्षीको आकारमा 'अहं' को स्फूरण हुन्छ । अतएव त्यसबेला 'अहं' प्रत्यय 'निर्विकल्प' हो अर्थात जाग्रत अवस्थामा 'म शरीर धारी हूँ' यस्तो सविकल्प या विशिष्ट भाववाट अविवेकी जीव भनी आफूलाई ठान्दछ (जाग्रत अवस्थामा शरीरादिको स्पष्ट ज्ञान पूर्वक 'अहं' ज्ञान हुन्छ)। सुषुप्ति तथा समाधि दशामा स्वरूपमात्र बाँकी रहन्छ । त्यसैले त्यही आकारमा प्रत्येक आफ्नो स्वरूप देखिन्छ (स्थूल र सूक्ष्म शरीरको लय या बाध भए निर्विकल्परूपमा आफ्नो ढाकिएको वा नढाकिएको स्वभावको स्फूरण हुन्छ । त्यसबेला 'अहं' प्रत्ययको अभाव हुन सक्तैन । किनकि दीप्ति या प्रकाश 'अहं' वस्तुको निज, निरपेक्ष, सनातन एवं स्वरूपगत धर्म हो)।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रश्न- " समाधि तथा सुषुप्तिकालमा यदि 'म' प्रत्यय स्वीकार गरिन्छ भने त त्रिपुटीभाव आउला ? "

उत्तर- " होइन, त्यसबेला अधि भनिए झैं 'अहं' प्रत्ययमात्र रहन्छ। प्रत्यय, प्रत्ययी र प्रत्ययरूप भेद स्फुरित हुंदैन। निर्विकल्प चैतन्यस्वरूप 'म' पदार्थको अभाव कसै गरे पनि हुंदैन। यदि भनियोस् कि हुन सक्छ ; त यस भनाइको सिद्धिको लागि 'म यसो भन्दछु' यसरी चित्स्वरूप आत्मालाई (म वस्तुलाई) निश्चयको विश्रान्तिभूमिरूपमा स्वीकार गर्नु पर्दछ। जब सम्म केही मानिन्छ तब सम्म त्यस विषयको सत्ता र स्फूर्तिको लागि नित्य चैतन्यरुप अधिष्ठान अवश्य नै सिद्ध हुन्छ। जब केही मानिंदैन, तब पनि त्यस अभावको सत्ता एवं स्फूर्तिको लागि इच्छा न रहे पनि कूटस्थ साक्षी मान्नै पर्दछ। कुनै पनि वादी आफूलाई जड या अचेतन मान्न चाहन्न अथवा यस पदार्थको मलाई ज्ञान छैन भनेर स्वीकार गर्दैन र त्यो आफूलाई अस्तित्वशून्य र असत् मान्न चाहंदैन। अतएव नित्य तथा चेतनरूपमा आफ्नो स्वरूपको या 'म' पदार्थको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संधै स्फूरण सर्वथा सिद्ध हुन्छ । "

प्रश्न- " के शास्त्रमा असङ्ग चिदात्माको 'म' रूपमा स्फूरणको वर्णन छ ? "

उत्तर- " हो, तब सारिएका (देखाइएका) वचन आत्माको जीवरूपमा प्रवेश र 'म' रूपमा अभिव्यक्तिको विषयमा प्रमाण छन्—

" यत् स्वप्रकाशमखिलात्मकमासुषुप्ते -
रेकात्मनाहमहमित्यवभाति नित्यम् ॥
बुद्धेः समस्तविकृतेरविकारी बोद्धृ
यद्ब्रह्म तत्त्वमसि केवल बोधमात्रम् ॥* "

० ०

बाल्यादिष्वपि जाग्रदादिषु तथा सर्वास्ववस्थास्वपि
व्यावृत्तास्वनुवर्तमानमहमित्यन्तः स्फुरन्तं सदा

० ०

जाग्रत्स्वप्नसुषुप्तिषु स्फुटतरा या संविदुज्जृम्भते

---

*— स्वप्रकाश, सर्वस्वरूप, जाग्रदादि सुषुप्ति सम्म संधै 'म' रूपबाट अवभासित हुनेवाला, समस्त विकारमय बुद्धिको स्वयं अविकृत साक्षी केवल बोधरूप जो ब्रह्म हो, त्यही तिमी हौ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सा ब्रह्मादि पिपीलिकान्ततनुषु प्रोता जगत्साक्षिणी।
सैवाहं न च दृश्यवस्तु।†" इत्यादि।

प्रश्न- "साराकुरा देख्ने कूटस्थ चिति संधै 'म' 'म' यसरी स्फुरित हुन्छ। यसैले त्यहा सबै जीवहरूको वास्तविक स्वरूप हो। यो कुरा मोटामोटी बुझियो। आफूलाई यही रूपमा स्पष्टसंग जान्ने (कूटस्थ आत्मस्वरूपमा रहने) साधन के हो?"

- "निर्विकल्प चित्स्वरूपलाई स्पष्टसंग आँखाको सहारामा देख्नु पर्दछ। याहां निर मन नै मुख्य आँखा हो किनकि जाग्रत अवस्थामा आंखाको काम मनकै अधिन हुन्छ र स्वप्नमा मन द्वारा नै पदार्थ देखिन्छ। यो मनरूप आंखा न खोली केही पनि देखिदैन। घटलाई देख्ने इच्छाभए

---

†— परस्पर विलक्षण बाल्यादि एवं जाग्रदादि सबै अवस्थाहरूमा 'अहं' रूपले संधै रही रहने, अत्यन्त स्पष्ट जो संवित् देदीप्यमान छ, त्यो ब्रह्म। देखि लिएर कमिला सम्म सब शरीरमा साक्षीरूपले ओतप्रोत छ र त्यही 'म' हूँ। म दृश्यवस्तु होइन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

घट वाहेक अरू सबै देखिने पदार्थबाट मन-लाई एकदम हटाएर (फर्काएर या विमुख गराएर) इच्छा भएको घट मात्रमा त्यसलाई निश्चल भा-वले स्थापित गर्नु पर्दछ, तब घटसंग मनको दृढ सम्बन्ध भएकोले घट स्पष्ट संग देखिन्छ। नत्रभने घट आगाडि नै रहे पनि विशेषरूपबाट आंखाद्वारा देखिदैन (नजिकै रहेर पनि त्यसको स्पष्ट ज्ञान न भएकोले त्यो नभएको बराबर नै हुन जान्छ)। अरू पदार्थहरूबाट विमुख गराइ-एको मन नै कान आदिको सहायताबाट बाहिरी शब्द आदिको ग्रहण या करण विना भित्रको सुखादि देखिनामा कारण हुन्छ। पूर्वोक्त रीतिबाट अन्वय-व्यतिरेक युक्तिद्वारा यही सिद्ध हुन्छ कि चाहिएको वस्तु वाहेक अरू सबै पदार्थहरू तिरबाट मन हटनु र केवल चाहिने वस्तुमा एकाग्रता या मनको संलग्नता नै चाहेको वस्तुको दर्शनमा अत्यन्त आवश्यक साधन हो।"

शङ्का- "के यो दुवैको प्रयोजन अरू शास्त्रमा पनि बताइएको छ?"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बताइएको छ ? "

उत्तर- "हो, यिनको सम्बन्धमा 'गीता' आदि सबै शास्त्रहरूमा निःसन्दिग्ध रूपबाट उपदेश मिलेदछ। जस्तोः-

"अभ्यासेन तु कौन्तेय वैराग्येण च गृह्यते" *
। श्रद्धावान् लभते ज्ञानं तत्परः संयतेन्द्रियः ‡" । "

तस्मात् क्रियान्तरं त्यक्त्वा ज्ञान निष्ठापरो यतिः।
सदात्मनिष्ठया तिष्ठेन्निश्चलं तत्परायणः "§

सर्वाशाः किल सन्त्यज्य फलमेतदवाप्यते । येनाशाविषवल्लीनां
मूलमाला विलूयते 卐 । "

---

*— अभ्यास एवं वैराग्यबाट मन वसमा हुन्छ।

‡— श्रद्धावान, इन्द्रियहरूको संयमी, आत्मपरायण मानिस ज्ञान प्राप्त गर्दछ।

§— अरू कामहरूलाई छाडेर ज्ञाननिष्ठामा तत्पर साधुले निश्चल एवं तत्परायण भएर सधै आत्मनिष्ठामा स्थित रहनु पर्दछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रश्न- "अघि गीता भाष्यबाट सारिएको "ज्ञाने यत्नो न कर्तव्यः, किन्तु अनात्म निवृत्तौ एव" यो, मनलाई अरूविषयबाट हटाउनु मात्र कर्तव्य हो भनी देखाउने वचनबाट माथि भनिएका दुवै क्रियाहरूको आवश्यकता छ भन्नेमा मेल खाँदैन।"

उत्तर- "उत्तम वैराग्यवान भए पछि आत्मैकपरता, प्रत्येक्-प्रवणता, अन्तर्मुखता या ज्ञाननिष्ठा यत्न-विना सिद्ध हुन्छ। जो श्रेष्ठ मुमुक्षुले गुरू तथा आत्माको कृपा पाएको छ, जसले विधिपूर्वक वेदान्त शास्त्र सुनेको छ, जसको बुद्धि सांसारिक विषयबाट हटेको छ र जसले यथार्थ ज्ञानसा-धक प्रमाणको विषयमा मिहिनत गरेकोछ उसको लागि प्रत्येक परमात्मा भन्दा बढता सुप्रसिद्ध, राम्ररी जान्न सकिने, सुलभरूप एवं नजोकमा रहेको अरू केही पनि छैन। बाह्याकार बुद्धिलाई हटाउनाकालागि विषयबाट मनलाई हटाए पछि

फ- सारा आशाहरूलाई छाडे पछि त्यो फल प्राप्त हुन्छ जसबाट आशारूपी विषजस्ता लहराहरूको जरो राम्रैसंग काटिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निश्चलमन साधनको विना पनि आत्मपरायण हुन जान्छ। यसैले स्थिर प्रत्यावृत्त या एकाग्र बुद्धिमा आफ्नो सच्चितस्वरूपको प्रतिभान या अन्तर्मुख आत्माकार वृत्ति अत्यन्त सुलभ छ, यो पहिले भनिई सकिएको छ।"

प्रश्न- "तव त आत्मस्वरूपको दर्शन मनको विषय विमुखतावाट नै सम्पन्न होला?"

उत्तर- "मनको उक्त दुई प्रकारको काम अनात्म विषय देखिनामा अत्यन्त आवश्यक भए पनि निजरूपमा प्रत्यक्ष ज्ञानको लागि मनवाट विषय हटनुमात्र आवश्यक छ। यस वाहेक भिन्दै रूपमा त्यसैमा लागिपर्नाको आवश्यकता छैन। विषयहरूवाट हटेको अत्यन्त शुद्ध बुद्धि स्वाभाविक प्रत्येक चिदात्म को आकार ग्रहण गर्नु या प्रत्यगात्मरूपमा रामरी वदलिएर "सवै अवस्थाहरूमा चित् सदानन्द आत्मा नै 'म'. यस रूपमा स्फूरित हुन्छ र यो असङ्ग प्रत्येक तत्वरूपमा देहादि जड़ विलक्षण प्रपञ्च विल्कूल रहन सक्तैन। अतएव दृश्य रहित अखण्ड स्फुरणरूप कूटस्थ आत्मा नै मेरो आफ्नो यथार्थ स्वरूप हो" यस्तो विचार पूर्वक अपार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुखरूप परमात्माको साक्षात् अनुभव गर्नुलाई नै 'अपरोक्ष ज्ञान' भनिन्छ। आत्माको वेद्यता, मनोगोचरता इत्यादि उसैको नामान्तरमात्र हो। उत्तम मुमुक्षु तदेकनिष्ठा या त्यसैमा लागिपर्नाको फलस्वरूप शरीर, अहङ्कार एवं भेदवासनाबाट सर्वथा निर्मुक्त, असङ्ग, अविकारी, स्वयम्प्रकाश आत्मालाई नै आफ्नो निजी स्वरूप भनी जान्दछ, तब नै अज्ञानका परिच्छिन्न कर्तृत्व-भोक्तृत्वरूप संसार बन्धनलाई छाडेर स्वयं परिपूर्ण, सनातन, निरावरण आनन्द स्वभावमा प्रतिष्ठित हुन्छ। अतएव आफ्नो स्वरूप देखिनु नदेखिनु रूप भूल नष्ट भए पछि मुमुक्षुको अरू कुनै कर्तव्य बाँकी रहँदैन। अतएव स्वयंसिद्ध, प्रकाशैकरूप, निर्विकार प्रत्यगात्मामा मनबाट देखिने, जानिने, फलव्याप्ति आदि क्रियान्तरको कुनै अवसर नै छैन। साक्षात्काररूप अन्तिम अखण्डाकारमा आकारित वृत्ति द्वारा अभानावरण नष्ट भए पछि त्यसै बेला बुद्धि वृत्ति र त्यसमा परेको चिदाभासको पनि बाध हुनको लागि अधिष्ठान निराभास साक्षीस्वरूपमा स्फूरणरूप

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अतिशय या फलव्याप्तिको प्रसङ्ग नै छैन। साक्षी जब आफै नै स्फूरणस्वरूप हो, तब मनको विषयबाट फर्कनु या अवश्यंभावी रूपमा सिद्ध आत्मनिष्ठाको परिणामरूप बुद्धिको अखण्डाकारता भन्दा भिन्दै र पछि हुने मनोगोचरता, तत्परता या चिदाभास द्वारा ढाकिनुरूप अतिरिक्त साधनको आवश्यकता छैन।"

प्रश्न- "जड घटादि विषयहरूको प्रकाश र चिदात्माको प्रकाश यी दुवैमा विलक्षणताको के कारण हो?"

उत्तर- "जस्तो ऐनामा कुनै एक नजिकमा रहेको वस्तुलाई हेर्ने इच्छा भएमा अरू छायांबाट दृष्टिलाई हटाएर इच्छा भएको छायां तिर लगाउनु पर्दछ; किन्तु ऐनामा छायांपरेको आकाशलाई हेर्ने इच्छा भएको मानिसले अरू सबै छायांहरूबाट दृष्टिलाई फर्काए पछि नै (ऐनामा स्वभावतः रहेको सर्वव्यापी आकाशतिर फेरी नफर्के पनि) ऐनामा परेको आकाशलाई देख्न सकिन्छ (ऐनामा सर्वत्र रहेको एवं सबै छायांहरूको आश्रय भएको आकाश यी सब छायांहरूबाट ढाकिएको हुनाले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छायांहरूबाट दृष्टि नफर्काइकन ऐना हेर्ने मानिसको लागि आकाश देखिनु सम्भव छैन) त्यस्तै सर्वदा समानरूपबाट सबै ठाउंमा व्याप्त, सबै कल्पनाहरूको आश्रय भएको, विभिन्न वृत्तिज्ञानहरूको अधिष्ठान प्रत्येक ब्रह्मचैतन्य अन्तःकरणमा परिपूर्णरूपले विराजमान छ। अतः सबै अनात्मवस्तु हरूबाट केवल मनको फर्काई नै सच्चित् स्वरूपको स्पष्ट ज्ञानमा हेतु सिद्ध हुन्छ। अरू कुनै आत्मा तिर फर्कनुरूप नयां प्रयत्न या तत्परताको आवश्यकता हुंदैन। प्रमातारूप चिदाभास द्वारा प्रकाश गरिएको अनात्म विषय देखिंदा त अन्त फर्कनु र इष्ट विषयतिर फर्कनुरूप दुवै साधनहरूको आवश्यकता हुन्छ किनकि उदासीन दशामा (तत्पर नभएको वेलामा) कुनै जड वस्तुको ज्ञान सम्भव छैन। मन स्वभावले नै कुनै न कुनै विशेष आकारमा- अनात्म घट, पट, मठ, शकट आदिको आकारमा—अथवा आत्माकारमा रहन्छ। घटाकार परिणाम सिद्धए—पछि अरू कुनै इच्छा भएको आकारलाई धारण गर्दछ, किन्तु वैराग्य तथा विवेकको सहायताबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अशेष विषयाकार वृत्ति रोकिए पछि मन परिशिष्ट आत्मरूपमा स्थित हुन्छ। यसैले भगवान शङ्कराचार्यले भन्नु भएकोछ कि मनको वाहिरो वृत्तिको निरोधमा मुमुक्षुले प्रयत्न गर्नु पर्दछ, आत्माकार वृत्ति उत्पादनमा हैन।"

प्रश्न- "यदि आत्मा सबै ठाउंमा भएको र मन स्वरूपतिर फर्कनु यदि स्वभावसिद्ध हुन्थ्यो त आत्मचैतन्य नजानिने किन हुन्थ्यो ?"

उत्तर- "अनादि विषयवाट मन फर्कनु या आफूतिर हेर्नाको अभाव नै आफू सम्बन्धि अज्ञानमा कारण हो। मन जव संसारको सङ्कल्प विकल्पवाट एकदम मुक्त हुन्छ तव नै शुद्ध तथा सूक्ष्मभएर अन्तर्मुख या अखण्ड आकारमा आकारित हुन्छ र जिज्ञासुलाई आफ्नो स्वरूपको सजिलै ज्ञान हुन थाल्दछ। अतएव मनवाट जड एवं दुःखरूप सबै स्थूल सूक्ष्म दृश्यवस्तुहरूको पूर्ण मार्जन या मनको एकदम संयम नै तत्वज्ञानको प्रधान साधन हो। शास्त्रहरूमा वताइएको सबै कर्म, उपासना, वैराग्य, भक्ति, श्रद्धा आदि सबै साधनहरू मनमा निर्विषयता या निष्कामता पैदा गर्नका लागि नै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपदेश गरिएका हुन् । यिनको तत्वज्ञानमा साक्षात् हेतुता छैन, किन्तु शुद्ध बुद्धि नै आत्मज्ञानमा साक्षात कारण हो । दृश्य पदार्थ बिल्कूल अभाव भए पछि सफा हृदयमा यथार्थ आफ्नो स्वरूपको स्पष्ट ज्ञान न भै रहंदैन । "

प्रश्न- " विषयबाट फर्केको मनको सहायताबाट यदि आत्मा प्रकाशित हुन्छ तब त सुषुप्तिमा आत्मा छलङ्ग देखिनु पर्ने ; किनकि त्यस बेला मन सबै अनात्म विषयबाट फर्केकै हुन्छ । "

उत्तर- " विषयबाट फर्केको भएर पनि सुषुप्ति बेलामा मनमा वस्तु देख्ने तागत लीन भएको हुनाले मन आत्मालाई प्रकाश गर्न सक्तैन । जस्तो गाजलले पोतिएको ऐनामा आकाश देखिदैन, त्यस्तै नै तमोरूप जड शक्तिबाट छोपिएको मन—अयोग्य भएको हुनाले—हुनत विषयहरूबाट फर्केर रहेको हुन्छ तैपनि आत्मालाई देख्न सक्तैन । निर्मल (सात्विक) तथा योग्य मन नै स्वरूप प्रकाशन गर्न सक्तछ । निद्राले छोपिएको हुनाले मन शुद्ध चैतन्यलाई कसरी प्रकाश गर्ला ? यसैले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भर्खर जन्मेको बालकको मन, अयोग्य हुनाले शुद्ध भएर पनि केही पनि जान्न समर्थ हुँदैन।

प्रश्न- "निदाएको छु भन्ने ज्ञान सुषुप्तिमा त हुँदैन ?"

उत्तर- "सुषुप्तिबाट उठेको मानिसको "मैले केही थाहा पाइन" भन्ने संझनाबाट सुषुप्ति दशामा निद्रा या अज्ञान अनुभव सिद्ध हुन्छ। यदि निद्रारूपी मूढताको ज्ञान त्यस वेला न भएको भए त उठे पछि त्यसको संझना हुन नसक्नु पर्ने। तर त्यस वेला तमोरूप आवरण शक्ति सूक्ष्म दृश्यरूपमा रही रहेको हुनाले त्यसको ग्रहण या ज्ञान हुन्छ। संधै उज्यालो नै रहने चेतन प्रकाश आत्मा आवरण संगै भासमान रहन्छ। यसैले सुषुप्तिलाई मनको निर्विकल्प स्थिति, प्रकाशावस्था या मूढदशा भनिएको छ।"

प्रश्न- "व्युंझि राखेको वेलामा मन कुन रूपमा रहन्छ ?"

उत्तर- "एक छिन स्थिर रहेर मन धेरै समय सम्म चली रहन्छ, यही अस्थिर अवस्थाको नाम 'जाग्रत' हो। मनको यसै सविकल्प स्थिति लाई (भिन्दा भिन्दै पदार्थहरू देखिएको वेला) 'विमर्शावस्था'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

या अमूढ-दशा भनिन्छ । जागरणमा एकछिन निर्विकल्प ज्ञान, प्रकाश या मनोलय रही रहे पनि खासगरी सविकल्प वृत्ति ज्ञान या मनका चञ्चल अवस्था नै रही रहन्छ । विषय र वृत्ति मनकै परिणाम भएकोले दृश्य भेद या अवस्था भेद मनको नै हो । यद्यपि जाग्रद आदिको सामान्य धर्म आपसमा अनुप्रविष्ट देखिन्छ तथापि सुषुप्ति र जाग्रतमा मनको स्पष्ट रूपमा भिन्दा भिन्दै स्थिति पाइन्छ । "

प्रश्न- " मनको यी दुवै भेदहरूको स्वरूप अझ छर्लङ्ग संग बताउनु होस । "

उत्तर- " बाहिरका पदार्थ संग मनको सम्बन्धलाई ' प्रकाशावस्था ' भनिन्छ । फेरी मनमा छायांरूपले देखिने त्यस पदार्थको " त्यो यस्तो छ " भन्ने स्पष्ट निर्णयलाई ' विमर्श ' भनिन्छ । मन पहिले इन्द्रियहरू द्वारा बाहिर निस्केर विषयहरू संग सम्बन्ध हुन्छ, त्यसबेला घट आदि वस्तुहरू मोटा-मोटी प्रकाशित हुन्छन् । यसैलाई निर्विकल्प ज्ञान या वस्तु प्रकाश भनिन्छ । यस प्रकाश

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अवस्था पछि मनमा जो वाहिरको घट आदिको आकार 'यो घट हो' यसरी पर्दछ, त्यो अरू पदार्थहरूबाट फर्किएको रूपमा घटाकार वृत्तिज्ञान भएको हुनाले—विमर्श या सविकल्प ज्ञान भनिन्छ। अपृथक्रूपमा पदार्थको प्रकाश या सामान्य ज्ञान निर्विकल्प हुन्छ। भेदयुक्त एवं स्पष्ट रूपमा पदार्थका चिन्तन सविकल्पक हो। अर्थात् निर्विकल्पक वस्तु दर्शन नै 'यो घट हो' यसरी पदार्थको वारेमा पछि विशेष ज्ञानको कारण हुन्छ। यो विमर्शरूप आन्तर विचार या सविकल्प ज्ञान फेरी दुई प्रकारको छ—(१) नयां वस्तु विषयको अनुभव या प्रत्यक्ष ज्ञान र (२) अगाडिको अनुभवको संस्कारबाट पैदा भएको संझना एवं अनुसन्धानरूप विकल्प या परोक्ष ज्ञान। यसरी निर्विकल्पक प्रकाश र सविकल्पक विमर्श यी दुवै शक्ति हरूले युक्त भएर मन आनन्दमग्न हुन्छ (विलास प्राप्त हुन्छ)।

प्रश्न- जाग्रत र सुषुप्ति दुवै अवस्थाहरूमा चेतन आत्मा त एकनाश संग प्रकाशमान रहन्छ र जाग्रतमा मन कहिले-कहिले स्थिर भएर रहन्छ। यस्तो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्थितिमा जागरणलाई अमूढ-दशा र सुषुप्तिलाई मूढ दशा किन भनिन्छ ?

उत्तर- ढकनी स्वरूप अज्ञानको प्रतीतिरूप सुषुप्ति लामो समय सम्म रहने निर्विकल्प या विमर्श रहित अवस्था हो यसैले त्यसलाई मूढदशा भनिएको हो। जाग्रतमा घटादि वस्तु देखिनुरूप निर्विकल्प या सामान्य प्रकाशको अवस्था (मन नउठेको परिणाम नभैकन स्थिरता प्राप्त समय) छोटो हुन्छ। यही जागरणमा मनको लय या निर्विकार सुषुप्तिभाव हो। किन्तु एकैछिन पछि धेरै प्रकार का विकल्पहरू (विभिन्न विषयक ज्ञान समूह) उदय हुनाले गर्दा अनेक सविकल्प ज्ञानको अवस्था हुनाले जाग्रत वेलालाई अमूढ—दशा भनिएको हो। यदि विकल्प ज्ञानको उदय नभै केवल नचलेको मन धेरै समय सम्म निर्विकार या विलीनरूपमा रहे त त्यसैलाई सुषुप्ति भनिन्छ। सुषुप्तिमा कुनै विमर्श (छल-फल), विकार या मनको परिणाम हुंदैन। त्यसैले त्यो तमोयुक्त आत्माको घन प्रकाशावस्था हो। अथवा 'केही पनि छैन' यसरी मोटा-मोटी दृश्यको अभाव नै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निद्रा या आवरण शक्ति हो। त्यस आवरण सहित आत्मा सुषुप्तिमा प्रकाशमान हुन्छ।"

प्रश्न- "जाग्रतमा पनि क्षणिक सुषुप्ति हुन सक्तछ ?"

उत्तर- जाग्रत अवस्थामा घट आदिको सामान्य या निर्विकल्प रूपले देखिएको वेलामा मनको क्षणिक मूढभाव देखिन्छ, किन्तु आर्को छिनमा खडा भएको भिन्दा भिन्दै विकल्प ज्ञानहरूवाट त्यो लयभाव हराउंछ। तर सुषुप्तिमा धेरै वेर सम्म मन केवल निर्विकल्परूपमा रही रहनाले छिन छिनमा भिन्दा भिन्दै परिणामहरूको अभाव भएर जान्छ। यसैले सुषुप्तिमा मन विलीन हुन्छ भनिएको हो। एकछिन वा धेरै समय सम्मको मनोलयमा मन नष्ट हुँदैन। "चेत्याभिमुखतां प्राप्तं चित्तत्वं चित्तमुच्यते" (चिताइने विषय तिर फर्केको चित् तत्वलाई नै चित्त भनिन्छ) इत्यादि भनाईहरूवाट विषयतिर फर्कनाले चिदात्मालाई नै 'चित्त' भन्ने नामले बोलाइन्छ। दृढ विवेक एवं समाधिको अभ्यासबाट यो विषय चिन्तन (चेत्याभिमुखता) नष्ट भए पछि विषय मुक्त चेतन आत्मा नै जिज्ञासु मानिसको आफ्नो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अविनाशी रूपमा बांकी रहन्छ । "

प्रश्न- " समाधिको स्वरूप के हो ? "

उत्तर- " आत्माको केवल आफ्नो प्रकाशरूप स्थितिलाई 'निर्विकल्प समाधि' भनिन्छ । सुषुप्तिमा प्रपञ्चको अत्यन्त अभाव र वस्तु देखिएको वेलामा घटादिको भाव (घटाकार आन्तर वृत्ति) देखिने रूपमा रहन्छ । तर यी तीनै अवस्थाहरूमा विमर्शात्मक ('यो यस्तो हो' भन्ने) स्थूल विकल्प शक्ति रहंदैन, त्यसैले माथि भनिएका तीनै अवस्थाहरू प्रकाशमात्र स्वरूप एवं वास्तवमा एकै हुन् ।

प्रश्न- " त्यसो भए सुषुप्ति, वस्तु दर्शन र समाधि यी तीन अवस्थाहरूको भेद व्यवहार कसरी सिद्ध हुन्छ ? "

उत्तर - " यी अवस्थाहरू वास्तवमा एकै भएर पनि सुषुप्तिबाट जागेपछि, वस्तु देखे पछि, समाधिबाट व्युत्थान भए पछि गरिने अनुसन्धानरूपी छलफल भिन्दा भिन्दै भएकोले तिनको व्यावहारिक भेद सिद्ध हुन सक्तछ । समाधिबाट उठे पछि " म यति वेर सम्म चूपचाप थिएं "

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निद्राबाट ब्यूंझे पछि "मैले केही पनि जानिन" र पदार्थ प्रत्यक्ष भए पछि "यो घट हो" या "मैले घट देखें" यसरी भिन्दा भिन्दै छल-फल गरिन्छन्। ध्याता, भोक्ता, ज्ञाता इत्यादि भिन्दा भिन्दै त्रिपुटीको कूटस्थ आफ्नो स्वरूप देखि अभेद (प्रकाशात्मा संग मिलेको) हुनाले नै माथि भनिएका तीनै अपरोक्ष अवस्थाहरू सिद्ध हुन्छन्। त्यसैले घट दर्शन इत्यादि रूप तीन अवस्थाहरू—एकछिन वा धेरै वेर सम्म रहने—आत्म तादात्म्यको अनुभव या आत्मसाक्षात्कारको समय हो। यसरी आत्मा संग एकताको स्वयं भान भए पछि विज्ञानमय कोशमा झरेर ध्यान गर्ने वाला या प्रमाता—जुन मसिनु वृत्ति या वासनालाई लिएर आफ्नो चेतन आत्मस्वरूपमा पहिले पसेको थियो त्यसै अनुसार भेद संस्कारको उदय भएकोले उठे पछि संझना गर्दछ। दृढ अभ्यासको फलस्वरूप ज्ञानी, योगी या धारणाको अभ्यास गर्ने आत्मा सम्बन्धी या अनात्म विषयको वासना संगै आत्मामा समाधिस्थ हुन्छ। अनि उठे पछि ज्ञानको (म ब्रह्म हूँ), योगको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(म ब्रह्म हूँ), या धारणाको (मैले आफ्नो इष्ट देवताको दर्शन या अनुग्रह पाएं भन्ने) छल-फल—त्रिपुटी पूर्वक—गर्दछ । निरन्तर अभ्यास गरे त्यस विषयको संस्कार (सूक्ष्म क्रियाशक्ति) हृदयमा पैदा हुने वित्तिकै साक्षी आत्मा संग साधकलाई आफ्नै आफ एकताको अनुभव सम्पन्न हुन जान्छ किनकि जस्तो बुद्धि विज्ञाताको उपाधि हो त्यस्तै नै संस्कार या अविद्या साक्षी आत्माको उपाधि हो । बराबर अभ्यास गरिएको बुद्धि पूर्वकको विचार नै सूक्ष्म शक्ति या संस्कार रूपमा बदलिन्छ र यस बलियो वासनाको अवलम्बन द्वारा नै जीव विज्ञानमय या आधिभौतिक भावलाई छाडेर आनन्दमय या आतिवहिक स्वरूपमा बढ्न सक्तछ । आत्मानुभव या समाधिबाट उठे पछि साधक त्रिपुटीरूप भेद स्वीकार गरेर अभेदानु-भवको अनुसन्धान या कथन गर्दछ । घटादिको प्रत्यक्ष ज्ञान पनि यस रूपमा—कूटस्थ आत्मा संग त्रिपुटीको साक्षात अभेद भएको बेलामा घटाकार बुद्धि वृत्ति लय भएर जाने हुनाले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

—एक प्रकारको समाधि हो। आत्मा नै खास अपरोक्ष हो, त्यसैले योगयुक्त या समाहित अवस्थामा नै प्रत्यक् ब्रह्मको, ईश्वरको, देवताको या अलौकिक, इन्द्रिय देखि परको, स्थूल सबै पदार्थको प्रत्यक्ष दर्शन सम्भव हुन्छ।"

प्रश्न- "स्वप्रकाश आत्म भावना एकनास संग रहनु यदि सुषुप्ति, वस्तु दर्शन (जाग्रत) र समाधिको स्वरूप हो त उनको लक्षण भिन्नै हुनाको के कारण हो?"

उत्तर- "विषय भिन्दा भिन्दै हुनाले अनुसन्धान पनि भिन्दा भिन्दै हुन्छ। देखिने पदार्थ फरक हुनाले फलफलमा भेद नहुने हैन।

प्रश्न- विषय भिन्दा भिन्दै भए पछि त समाधि आदिको स्वरूप पनि भिन्दा भिन्दै होला?"

उत्तर- "होइन, उक्त तीनै अवस्थाहरूमा स्पष्ट विकल्प (अन्तःकरणको वृत्तिरूप ज्ञान)को अभाव हुनाले तिनमा खास गरेर—केही फरक सिद्ध हुंदैन।

प्रश्न- "माथिका तीनै प्रकाशात्मक अवस्थाहरूमा भिन्दा भिन्दै देखिने (सूक्ष्म दृश्य) कुरा के हो?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उत्तर- " समाधिमा अंहकार आदि सबै वासनाहरूबाट रहित ज्यादै मसिनु बुद्धिको अखण्ड ब्रह्माकार वृत्तिमा केवल चेतन आत्मा नै प्रकाशित हुन्छ। सुषुप्तिमा देखिनेकुराको सामान्य अभावरूप, जड अव्यक्त (भन्न नसकिने) या आवरक अज्ञान संग मिसिएको आत्म तत्व स्फुरित हुन्छ र जाग्रतमा (पदार्थ प्रत्यक्ष भएको वेलामा) विशेष घटादि विषयक बुद्धि वृत्ति या त्यसको संस्कारबाट मुछिएको साक्षी चैतन्य दीप्यमान हुन्छ। यसरी समाधिमा आफ्नो शुद्ध चेतन प्रकाश, निद्रामा अविद्याको मसिनु साक्षी आकार, सुखाकार, तथा अज्ञानाकार वृत्ति र वस्तु देखिएको समयमा भित्री वृत्तिको संस्कार रही रहन्छ। "

प्रश्न- " यदि देखिने कुरा भिन्दा भिन्दै छन् भने समाधि, सुषुप्ति र जाग्रत एउटै कसरी हुन सक्तछ ? "

उत्तर- " जानिने वस्तु भिन्दा भिन्दै भएर पनि ज्ञान या अनुभवमा फरक हुन सक्तैन। ज्ञानमा खास गरेर ज्ञेय (जानिने कुरा) को स्पर्श पनि छैन। मलिन या विषयमा आशक्ति भएको मनको कल्पित सम्बन्ध हुनाले गर्दा ज्ञानस्वरूप आत्मामा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देखिनेभाव त्यसै नै देखिए भैं हुन्छ । घटादि ज्ञेयलाई भैं ज्ञानलाई जान्नको लागि बुद्धि वृत्तिको कुनै आवश्यकता छैन । यसैले निरपेक्ष, निराभास, स्वयंप्रकाश ज्ञान सबैलाई अत्यन्त प्रत्यक्ष छ र स्वप्रकाश स्वरूप देखि अभिन्न अहं पदार्थ या ज्ञाता पनि आफनैरूप हुनाले अत्यन्त प्रत्यक्ष छ । त्यसैले समाधि, सुषुप्ति एवं जाग्रत यो तीनै अवस्थाहरूमा वचन र मन देखि परको, एकरस, निर्विकल्प, अपरोक्ष आत्म चैतन्य नै जाज्वल्यमान भएकोले सबै अवस्थाहरू वास्तवमा एकै हुन् । "

प्रश्न- " ठिकछ, समाधि र सुषुप्तिको उठे पछि जस्तो छलंग संझना हुन्छ, त्यस्तै नै घटादि पदार्थको छलंग अनुसन्धान किन हुंदैन ? "

उत्तर- " जाग्रतमा खली रहने मन घटबाट पट, पटबाट मठ तिर दौडन्छ, त्यसैले एउटा घटाकार वृत्ति वा परिणाम एकै छिनलाई उत्पन्न र स्थित रहन्छ, आर्को छिनमा हराउंछ । यसैले अगाडि गएर एक घट वस्तुको स्पष्ट संझना हुन पाउंदैन । समाधि तथा सुषुप्ति बेरै समय सम्म रहने हुन्छ,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यसैले त्यसको संझना छलंग संग हुन्छ। जाग्रतमा एकै छिनको समाधि र सुषुप्ति हुन्छ तर परिचित धेरै समय सम्म रहने सुषुप्तिको सहायताबाट क्षणिक सुषुप्तिको सूक्ष्मरूपमा लक्षित भए पनि—समाधिको अनुभव संसारी मानिसलाई हुंदै नभएको हुनाले—क्षणिक समाधिको छल-फल हुंदैन।"

प्रश्न- "जाग्रतमा हुने समाधि कस्तो हुन्छ?"

उत्तर- "ननिदाउनु र नचिताउनुको समय नै समाधि हो। व्यवहार कालमा जो सूक्ष्म समाधि हुन्छ त्यस संग अपरिचित हुनाले विवेक नभएको मानिसलाई त्यो समाधि थाहा हुंदैन—साधारण मानिस यो सूक्ष्म समाधि विषयमा केहो पनि जान्दैन। मन नचल्नु या विकल्प नहुनु नै समाधि हो, त्यसैले सुषुप्ति एवं पदार्थ ज्ञान दुवै एक किसिमले समाधि नै हो।"

प्रश्न- "त्यसो भएत सुषुप्ति र वस्तु दर्शनबाट नै समाधिको फल पाइएला?"

उत्तर- "होइन, दृश्य सम्बन्धी विकल्प ज्ञानको संस्कार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ती दुवै अवस्थाहरूमा विनट भएका छैनन, अतएव आत्माको अभाव रहन जान्छ। निद्रा एवं घटरूप विलक्षण दृश्य विषयक वृत्तिज्ञान —सूक्ष्म शक्तिको रूपमा कारण अविद्यामा— रही रहन्छन्। यसैले सुषुप्ति र पदार्थ देखिएको वेला खासगरी समाधि हैन, किनकि पछि अज्ञान र घटको संझना हुन्छ। समाधिबाट उठे पछि चिदात्म मात्रको (म शुद्ध, बुद्ध, शान्त, असङ्ग, सच्चिदानन्द स्वरूप हूँ भन्ने) प्रत्यभिज्ञा हुन्छ। कुनै जड वस्तुको संझना हुंदैन। यसैले देखिन्छ कि समाधिमा अनात्म दृश्यको सूक्ष्म शक्तिमय रूप या अविद्या वृत्तिको लेश पनि रहंदैन।"

प्रश्न- "यसबाट त जाग्रत, सुषुप्ति र समाधि भिन्दा भिन्दै सिद्ध भए।"

उत्तर- "होइन, जाग्रतमा मनको एकै छिनको मूढभाव-रूप (मनोलय या निद्राको अनुभव) सुषुप्ति र क्षणिक संविद आत्माको ज्ञानरूप समाधि (मूढ एवं चञ्चल भाव एकछिनका लागि अभाव भए पछि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चेतन आत्मस्वरूपको त्यसै अनुभव हुन्छ)—यी दुवै अवस्थाहरू धेरै वेर सम्म रहने सुषुप्ति र समाधि भैं र जाग्रतमा घट-ज्ञान भैं बुद्धिको विकल्पशून्य अवस्थाहरू हुन्। यसरी मोटा-मोटी समाधि तथा सुषुप्ति एकै भएर पनि तिनमा सूक्ष्म भेद छन्। सुषुप्ति जडतायुक्त र समाधि सम्यक् बोधयुक्त छ। जाग्रतमा जस्तो निद्रा र समाधि छिन छिनमा हुन्छन् त्यस्तै नै निद्रामा पनि एक छिन जाग्रत र समाधिभाव आउंदछ।— "

प्रश्न- "यो कसरी? "

उत्तर- "हुनत सुषुप्ति वेलामा इन्द्रिय र मनका सबै वृत्तिहरू नहुंदा प्रकाश स्वरूप आत्मा नै बांकि रहन्छ तैपनि अभाव एवं अज्ञानको गुण र वृत्तिको भेदले मोटा-मोटी रूपमा जाग्रत र समाधिभाव सिद्ध हुन सक्तछ। पुण्यको फलले गर्दा अविद्याको सात्विक वृत्ति मात्रको उदय भए पछि क्षणिक जागरणको अनुभव हुन जान्छ जसको फल— स्वरूप उठे पछि "म सुख संग सुतेको थिएं" यसरी छल-फल संभव हुन्छ। यसरी ठूलो पुण्यको उदय भए पछि अविद्याको सात्विक, राजसिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र तामसिक परिणामहरूको अभाव भए पछि सारा दृश्य रहित चिन्मात्ररूप साक्षीको एक छिन अनुभव हुन्छ। त्यही सुषुप्ति समयको समाधि हो।"

प्रश्न- "व्यवहारको समयमा कुन-कुन बेला सूक्ष्म समाधि हुन्छ? यसलाई विस्तार संग बताउनु होस्।"

उत्तर- "जाग्रतमा जब बाहिरी वा भित्री कुनै किसिमको भावको याद रहँदैन, मन नचलीकन निश्चलभावमा रहन्छ र निद्रा (मनको लय) रहँदैन, तब बुद्धि एकछिन आत्माकारमा बदलिन्छ। यो नै जागरणमा क्षणिक समाधि हो। यसरी लय एवं चञ्चलताको अभाव भएर मन एक-छिन स्वरूपमा रहनु, साधारण मानिसबाट अपरिचित भए पनि, संधै असंख्य पटक हुन्छ। नयां प्रियतमा पत्नी संगको पहिलो अङ्कमालको समयमा एक छिनको लागि भित्र बाहिरको सबै वस्तुहरू बिसँदा मन नर्निदाईकन अकस्मात् आफ्नो स्वरूपमा आकारित हुन जान्छ। धेरै समय देखि चाहना गरेको एवं दुर्लभ पदार्थ अकस्मात् पाउंदा मन आनन्दस्वरूप आत्मामा मग्न या समाहित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन्छ । निर्भय तथा सुखपूर्वक भ्रमण गरी रहंदा अकस्मात् डरलाग्दो बाघ आदि देखिए पछि, साह्रै प्यारो काम गर्न सिपालु एवं बलियो छोरा अचानक मऱ्यो भन्ने सुन्दा, नजिकको वस्तु छाडी टाढाको वस्तुलाई समात्नु भन्दा अघिल्लो छिनमा मन निराकार र स्थिर हुन जानाले स्वरूपनिष्ठा या समाधि त्यसै सिद्ध हुन जान्छ । साराकुरा विर्सेर एकछिनको तन्मयता (निश्चल या निःस्पन्द रहनु) सूक्ष्म समाधिरूप हो । त्यसैले कृष्ण संग द्वेष राख्ने कंस, शिशुपाल आदिलाई पनि छिन-छिनमा भगवानको संझनारूपी पुण्यको थुप्रो जम्मा हुन्थ्यो । व्यवहार दशामा अनुभव सिद्ध—घटादि विभिन्न विषयाकार—ज्ञानधारा (एउटा वस्तु विषयक ज्ञान) हुन सक्तैन किनकि सबैको आकारमा फरक प्रत्यक्ष सिद्ध छ । भिन्दा भिन्दै वस्तुको आकारमा टुक्रिएको ज्ञान राशिको बिस्तारलाई व्यवहार भनिन्छ । जाग्रतमा यदि ज्ञान (अनुभव) एक, अखण्डित रूपमा रहने भए त व्यवहार नै असम्भव हुने थियो । अत-एव एउटा पदार्थ वा जाग्रददि एउटा दशालाई छाडेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अरू पदार्थ या सुषुप्ति आदि अरू अवस्थाहरू लाई ग्रहण गर्नु भन्दा अघिल्लो छिनमा मन— विलीन भएर नगएकोले—स्वरूपमा नै रही रहन्छ यो युक्ति सिद्ध छ। विषयाकार विभिन्न क्षणिक मनोव्यापार समूहको माझमा या जाग्रद आदिको सन्धिको वेला विकल्प रहित अवस्थाको प्रकाशक, निर्विकल्प, कूटस्थ आत्माको भान छर्लङ्ग सिद्ध हुन्छ।"

अर्यादर्यान्तरे वृत्तिर्गन्तुं चलति चान्तरे।
निराधारा निर्विकारा या दशा सोन्मनी स्मृता॥

नष्टे पूर्व विकल्पे तु यावदन्यस्य नोदयः।
निर्विकल्पक चैतन्यं स्पष्टं तावद्विभासते॥

देशाद्देशान्तरं दूरं प्राप्तायां संविदो वपुः।
निमेषेणैव तन्मध्ये चिदाकाशं तदुच्यते॥

विनिवृत्ताखिलेच्छस्य पुंसः संशान्त चेतसः
यादृशःस्यात् समो भावः स चिदाकाश उच्यते॥

अनागतायां निद्रायां मनो विषय संक्षये
पुंसः स्वस्थस्य यो भावः सचिदाकाश उच्यते॥

इत्यादि भगवान शङ्कर एवं वशिष्ठको वचन यसमा पुरा प्रमाण छन्। ढअमू मनको विकल्प-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शून्य स्थिति नै समाधि हो भन्ने जानेर एक, दुई, तीन छिन जति थ रै समय सम्म भने पनि मनलाई निरोध गर्न बल गर्नु कर्तव्य हो। यसको परिणामले ईश्वरको अनुग्रह भए पछि वृत्तिहरूको राम्ररी निरोध भएकोले जीव शिव हुन्छ। किनकि विकल्प युक्त चित् नै जीव र विकल्प रहित चेतन नै ब्रह्म हो।"

प्रश्न- "क्षणिक समाधिमा स्वरूप चाहेक अरू कुनै दृश्य नै देखिदैन, त्यसैले यस किसिमको समाधि भए त्यसको फल स्वरूप सांसारिक बन्धनको अभाव हुनु उचित छ।"

उत्तर- "यस प्रकारको स्वाभाविक समाधिमा आत्मा नदेखिनुरूप आवरण, पुरूषार्थको कमी हुनाले नाश हुंदैन। त्यसैले विज्ञान स्वरूप परमात्मा हरेक छिन समाधिमा होस्रूपले बली रहन्छ तापनि यस्तो बल पूर्वक नगरिएको समाधि परम कल्याण दायक हुन सक्तैन। बन्धन भनेको जीव द्वारा कल्पित हो, यसैले आफ्नो बुद्धिको अपराध तथा चञ्चलताको सामना आफ्नो प्रबल पुरूषार्थ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्वारा नै संभव छ, अर्को उपाय छैन। कानो मानसको नदेख्नुपना सूर्यादि वाहिरको उज्यालोको सहायताले हराएर जांदैन। जस्तो आफ्नो पाप अरूले गरेको पुण्य द्वारा जांदैन। त्यस्तै नै आफ्नो बुद्धिको मलिनता नित्यसिद्ध अज्ञात आत्माको भास्वर प्रकाशबाट हट्दैन।

प्रश्न- "अज्ञानलाई हटाउने कसरी ?"

उत्तर- "दृढ या प्रत्यक्ष सिद्ध संसारको भ्रम अपरोक्ष या सुदृढ आत्मज्ञानको सहायताबाट खत्तम भएर जान्छ। देहादि वासना द्वारा बाँधिएको, ख्याल ख्यालको या परोक्ष आत्मज्ञान परम कल्याण दिने हैन। संधै अभ्यास गरिएको समाधि परिपाक भए पछि जुन दृढ अपरोक्ष बोधको उदय हुन्छ, त्यही संसार वन्धनलाई नाश गर्न समर्थ हुन्छ। यो प्रत्यक्ष ज्ञान आलस्य रहित आत्म निष्ठा द्वारा सम्पादन गरिन्छ।

प्रश्न- "अपरोक्षत्वयोग्यस्य न परोक्षमतिर्भ्रमः "पञ्चदशीकारको यस भनाईको तात्पर्य के हो ?"

उत्तर- "सबै किसिमका ज्ञानहरूमा वस्तुको सबै भाग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्फुरित हुंदैन। यसैले परोक्ष ज्ञानबाट आत्माको असत्वापादक आवरण (आत्मा छैन भन्ने आवरण) निवृत्त हुन्छ अतः त्यो कामै नलाग्ने होइन—यही हो पूर्वोक्त वचनको अभिप्राय। गुरू र शास्त्रबाट श्रद्धापूर्वक सुने पछि जुन ज्ञान पहिले उत्पन्न हुन्छ, त्यो सांसारिक दुःख हटाउने वाला होईन। त्यस पछि राम्ररी समाधिमा लागेर प्रयत्नका सहायताबाट परमात्मा संग प्रत्यगात्माको एकताको स्पष्ट संग दर्शन गर्नु पर्दछ तब नै जन्म-मरणको बिल्कूल अभाव सिद्ध हुन्छ। श्री वशिष्ठले रामचन्द्र सग भन्नु भएको छ 'उपदेश वाक्यबाट बहिर्मुख भएर—जन्मै कानो मानिसले रूप देख्नु भै—जुन ज्ञान प्राप्त हुन्छ त्यो अबोधरूप नै हुन्छ; किनभने अपरोक्ष आत्मतत्वमा परोक्ष ज्ञान भ्रान्ति बाहेकअरू केही होइन। त्यसैले हे राम! तिमी यस्तो छायां ज्ञानलाई वास्ता नगरेर आफ्नो नित्य प्रत्यक्ष बोधरूप आत्मामा साक्षात अनुभवको सहायता द्वारा स्थित भएर बोधरूप नै भएर जाऊ। तब तै तिमी जन्मादि रहित भएर निर्वाण लाभ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्ने छौ। "

जात्यन्धरूपानुभवानुरूपं
यदागमैर्बुद्धमबुद्धरूपम्
अधस्पदीकृत्य तदन्तरेऽस्मिन
बोधे निपत्यानुभवो भवाभूः ॥

'तलबकार' श्रुति पनि भन्नु हुन्छ कि अखण्ड, एकरस तत्वमा त्रिपुटीलाई लिए पछि (म ब्रह्म-लाई जान्दछु भन्ने) ज्ञान टुक्रिएको (विभागयुक्त) हुने हुनाले थोरै कालको या ख्याल-ख्यालको हुन्छ। प्रयत्नपूर्वक समाधि गर्नु ठूलो काम हो भन्दै भगवान शङ्कर भन्नु हुन्छ—"

" समाहिता ये प्रविलाप्य बाह्यं
श्रोत्रादिचेतःस्वमहं चिदात्मनि
त एव मुक्ता भवपाशबन्धै—
र्नान्ये तु पारोक्षकथाभिधायिनः ॥
यावन्न तर्केण निरासितोऽपि
दृश्य प्रपञ्चस्त्वपरोक्ष बोधात्
विलीयते तावदमुष्य भिक्ष्यो—
र्ध्यानादि सम्यक् करणीयमेव ॥ "

प्रश्न- आफ्नो बुद्धिको दोष हटाउनको लागि जुन पुरुष

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रयत्नको आड लिनु पर्दछ त्यसको स्वरूप राम्ररी भन्नु होस ।"

उत्तर- बुद्धि द्वारा कल्पित संसारलाई आफूमा आरोप गरेर जीवले आफूमा जो सुख-दुःख, जन्म-मरणको स्पष्ट अनुभव गर्दछ, त्यो भ्रम निश्चयको अभाव बुद्धि द्वारा गरिएको नित्य, परिपूर्ण, चैतन्यघन निजानन्द स्वरूपको खूबै बलियो निश्चयबाट नै सिद्ध हुन सक्छ । तब नै प्रत्येक चिदात्माको आभानापादक आवरण (नदेखिनुरूप आवरण) नाश भएर साधकलाई यथार्थ आफ्नो स्वरूपमा राम्ररी रहनु सम्भव हुन्छ ।

" उद्धरेदात्मनाऽऽत्मानम् "

" मिथ्यारोपित संसारो न स्वयं विनिवर्तते
राम जीववलीमर्दमिमं संसार वन्धनात् ॥
" परमं यत्नमास्थाय चिरमुत्तारयेद् वलात् "

इत्यादि थरि-थरिका शास्त्रको वचन धेरै काल सम्म, संधै र सत् श्रद्धापूर्वक प्रत्यक् ब्रह्म स्वरूपको श्रवण, मनन र ध्यानलाई गर्नै पर्ने भनेर उपदेश गर्दछन् । छूल्लो आदर या अतिशय श्रद्धा पूर्वक गरिए पछि नै मार्थि भनिएका श्रवणादि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बुद्धिको संशयादि दोषहरूलाई हटाउन सक्छ। बारंबार उपदेश गरिएको श्रवण, मनन र निदि-ध्यासनको फल पनि उत्तरोत्तर श्रेष्ठ हुन्छ। जस्तो चाहना भएको विषयबाट त्यसमै आकारित अन्तःकरणको वृत्ति भन्दा झनबढता प्रिय, मोद र प्रमोद आनन्द वृत्ति देखि त्यसको प्रकाश—सब भन्दा भित्रको प्रत्यक्ष आफ्नो स्वरूप हुनाले धेरै प्यारो हुन्छ, त्यस्तै नै श्रवण भन्दा मनन सय गुना माथिको हो र निदिध्यासन भन्दा दृढ ब्रह्माकार वृत्ति पूर्वक (त्यसमा आकारिक सहज संस्कार सहीत) निर्विकल्प स्थिति असंख्यगुना माथिको हुन्छ। यदि विशेष बल संग बुद्धि आफ्नो स्वरूपमा विस्तार-विस्तार बदलिदै अनादि काल देखि अभ्यास गरिएको उल्टा देहादि भावनाको शेष नरही ध्वंस भएर पनि बोधस्वरूपमा अचल संग बस्न सक्तैन भने बल पूर्वक नगरिएको सूक्ष्म समाधि या त्यसको ज्ञानबाट दुःख जाला भन्ने आशा छैन। त्यसैले शरीरलाई काठ तथा माटो झैं संझेर तितिक्षा तथा इन्द्रिय संयम पूर्वक प्राणको चालनलाई निरोध गरेर, विचार द्वारा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषय-वासनालाई घटाउंदै विस्तार-विस्तार मन-लाई—निर्विकल्प समाधि परिपाक भए पछि—समाधिको साक्षा चिदानन्द आफ्ना स्वरूपमा विलीन गरीदिनु पर्छ। तब नै जीव प्राण, मन रहित, स्वच्छ परमात्म स्वरूपमा रहन्छ या सांसारिक बन्धनबाट मुक्त हुन्छ हृदयबाट देह तथा जागतिक विजातीय वासनाला अलिकता पनि बांकि नराखी सिध्याउनाका लागि प्राणको र चित्तको चलनलाई एकैसाथ निरोधगर्नु अत्यन्त आवश्यक छ। किनभने प्राण शान्त नभैकन मन पनि शान्त हुदैन र मन एकदम शान्त नभै शुद्ध द्रष्टाको भान हुन सक्तैन। उपशम तथा निर्वाण प्रकरणमा र 'विवेक चूडामणि,' 'सर्व वेदान्त सिद्धान्त सार संग्रह' आदि अत्यन्त उत्तम वेदान्त का ग्रन्थरत्नहरूमा यस अभ्यासको रहस्य धेरै किसिमबाट राम्रा संग बुझाएर भनिएको छ —

अभ्यासेन परिस्पन्दे प्राणानां क्षयमागते
मनः प्रशममायाति निर्वाणमवशिष्यते ॥
परपौरुषमास्थाय बलं प्रज्ञां च युक्तितः
नाभिं संसार चक्रस्य चित्तमेव निरोधयेत ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विवेकैकानुसन्धानात् चिदंशत्मतया मनः
चिदेकतामुपायाति दृढाभ्यास वशादि ॥

यत्र प्राण मनोवृत्तिरत्यन्तं नोपलभ्यते
वासनावागुरोत्क्रान्ता तद्विद्धि परमं पदम् ॥

ज्ञानादेवामनिभावं स्वनाशं प्राप्नुयान्मनः
प्राणात्पन्दं च नादते ततः शान्तिहि शिष्यते ॥

ज्ञानात् सर्वपदार्थानां असत्व समुदेत्यलम्
ततोऽथ वासनानाशात् वियोगःप्राण चेतसोः ॥

वासनैव महाराज स्वरूपं विद्धि चेतसः
चित्त शब्दस्तु पर्यायो वासनाया उदाहृतः ॥

परं पौरूषमाश्रित्य यत्नात् परमया धिया
भोगाशाभावनां चित्तात् समूलामलमुद्धरेत् ॥

जाता चेद्रतिरन्तोः भोगान् प्रति मनागपि
तदासौ तावतैवोच्चैर्पदं प्राप्त इतिश्रुतिः ॥

नभोगेष्वरतिर्यातत् जायते भवनाशिनी
नपरा निर्वृतिस्तावत् प्राप्यते जयदायिनी ॥

कृष्णतासंक्षये यद्वत् क्षीयते कज्जलं स्वयम्
स्पन्दात्मकर्मविगमे तद्वत्प्रक्षीयते मनः ॥

वन्ह्यौष्ण्ययोरिव सदा श्लिष्टयोश्चित्तकर्मणोः
द्वयोरेकतराभावे द्वयमेव विलीयते ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एतावतैव देवेशः परमात्मावगम्यते
काष्ठलोष्ठसमत्वेन देहो यदवलोक्यते ॥

क्रियानाशो भवेच्चित्ता नाशोऽमात् वासनाक्षयः ॥
वासना प्रक्षयो मोक्षः सा जीवन्मुक्तिरिष्यते ॥

अतोत्र सूक्ष्मं परमात्मतत्वं
न स्थूल दृष्ट्या प्रतिपत्तुमर्हति
समाधि नात्यन्तसुसूक्ष्मवृत्त्या
ज्ञातव्यमार्यैरतिशुद्धबुद्धिभिः ॥

प्राणायामाद्भवति मनसो निश्चलत्वं प्रसादो
स्वभ्यास्यस्य प्रतिनियतदिग्देशकालाद्यवेक्ष्य
सम्यग्दृष्ट्या क्वचिदपि तथा नो दमं हन्यते चेत्
कुर्याद्धीमान् दममनलसश्चित्त शान्त्यै प्रपत्नात् ॥

तस्मात् तितिक्षया सोढवा तत्तदुःखमुपागतम्
कुर्याच्छक्त्यनुरूपेण श्रवणादि शनैःशनै ॥

सर्वेन्द्रियाणां गतिनग्रहेण
भोग्येषु दोषाद्यवमर्शनेन
ईशप्रसादाच्च गुरोःप्रसादात्
शान्तिं समायात्य चिरेण चित्रम् ॥

अस्मिन् समाधौ कुरुते प्रयास
यस्तस्य नैवास्ति पुनर्विकल्पः
सर्वात्मभावोऽप्यमुनैव सिद्ध्येत्
सर्वात्मभावः खलु केवलत्वम् ॥ ”

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रश्न- "माथि भनिएका उक्तिहरूको सारांश के हो ?"

उत्तर- "सर्वत्याग, ब्रह्माभ्यास या समाधिको अनुष्ठान विना आत्माको प्रत्यक्ष ज्ञान हुनु सम्भव छैन।

"त्यागे नैके अमृतत्वमानशुः"

"सर्वावस्था परित्यागे शेष आत्मेति कथ्यते
सर्व त्यागेन शुद्धेन सर्वमाप्नोतेऽनघ ॥

चित्तत्यागंविदुः सर्वत्यागं सर्वविदो जनाः
अन्तर्योयमहंभावो जन्तोरन्तःचित्तमुच्यते ॥

वस्तुतोनास्त्यहङ्कारः पुत्रमिथ्याभ्रमो यथा
... ...सर्वावस्थासु सर्वदा ॥

सर्वत्र सर्वतः सर्वं ब्रह्ममात्रावलोकनैः
सद्भाववासनादार्ढ्यात् तत् त्रयं लयमेष्यते ॥

निर्विकल्पकसमाधिना स्फुटं
ब्रह्मतत्त्वमवगम्यते ध्रुवम् ।
नान्यथा चलतया मनोगतेः
प्रत्ययान्तर विमिश्रितं भवेत् ॥

निरन्तराभ्यासवशात् तदित्थं
पक्वं मनो ब्रह्मणि लीयते यदा
तदा समाधिःसविकल्प वर्जितः
स्वतोऽद्वयानन्दरसानुभावकः ॥"

चित्तको त्यागनै सर्वत्याग हो। मानिसको आन्त-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रिक अहंभाव नै चित्त हो तर त्यो पनि सांचो नभएर भ्रममात्र हो। संधैको अभ्यासले जब चित्त परब्रह्ममा लीन हुन्छ, तब अद्वय, अखण्ड आनन्दानुभवरूप समाधि सिद्ध हुन्छ। अतएव बुद्धि-द्वारा गरिएको बन्धनलाई हटाउन को लागि अखण्ड वृत्तिको सहायता द्वारा आत्मदेवको एकै चोटी र राम्रोसंग साक्षात्कार गर्नु ज्यादै आवश्यक छ। त्यसो भए पछि सबैठाउँमा विना प्रयत्न नै आत्म सुखको छर्लङ्ग संग अनुभव संभव हुन्छ। हरेकछिन समाधि गर्नु पर्छ भन्नाको आशय यही हो कि बलपूर्वक भएको सफल समाधि-स्थिति तुरिय अवस्थामा समाप्ति हुन्छ।"

प्रश्न- "जीवन्मुक्त मानिसमा पनि शरीर इन्द्रिय, प्राण, मन अहङ्कारका क्रियाहरू या चलन र वासनाहरू देखिन्छन तब तो सबै प्रपञ्चहरूको रोक्नरी त्याग या निरोधलाई निष्फल मान्नु पर्छ।"

उत्तर- "होइन, कल्पित बन्धन या जीवभावलाई कस्ति वांकि नराखीकन सिध्याउनको लागि प्राणादिको निरोध अत्यन्त आवश्यक छ। त्यस बीना भएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्म तिर बहने सुदृढ चित्त वृत्तिको उदय हुंदैन र आवरण रहित आत्मस्वरूपको राम्रो संग ज्ञान हुन सक्तैन। आवरण भङ्ग नभै मन विगलित हुंदैन, मनको राम्ररी बाध नभए सम्म प्रमातृभावको विनाश हुंदैन र ज्ञानिष्ठ मुमुक्षु स्वय शान्त आत्मा हुन सक्तन। वासनाको राम्ररी नाश नभै अविद्याको राम्रो संग नाश हुन सक्तैन र यो अत्यन्त मसिनु अविद्यावृत्ति नै ध्याता र ध्येयमा रोकावट पैदा गदछ। ध्यानको फल साक्षात्कार उत्पन्न नहुनाले यस्तो भेदयुक्त आत्मविषयक ज्ञान थोरै या परोक्षरूपमा रहन्छ। किन्तु प्रबल प्रयत्न संग चित्त आदि सारा अनात्म प्रपञ्चलाई बिल्कुल विरोध गरेर अन्तिम साक्षात्कार वृत्ति पैदा भए पछि ढकनारूप अज्ञान जरा सहित राम्ररी नश हुन जान्छ र परमात्मा संग साधकलाई एकताको अनुभव सम्पन्न हुन्छ। आत्मस्वरूप भगवानको अभिन्न रूपमा दर्शन हुने बित्तिकै यथार्थ आपनो स्वरूपको ज्ञान संग ज्ञान—चेतन आत्माको स्वरूपभूत प्रकाश—सजिलै र सबै वेलामा हुन्छ र जबस म

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शरीरादि प्रपञ्च या प्रारब्ध रहन्छ, तबसम्म उनको आविद्यक धर्म (क्रिया या चलन—प्राण इन्द्रिय, मनको स्फुरण) एकनाशले रहा रहन्छ। व्यावहारिक पदार्थ झूठा हुनाले पारमार्थिक सांचो आफ्नो स्वरूपलाई छुंदैन। जस्तो पूरा जाग्रतमा स्वप्नको प्रपञ्चको संझना या छल-कपटले केहा फल पैदा गर्न सक्तन, त्यस्तै नै जो महात्मा मानिसले आफ्नो यथार्थ स्वरूप राम्ररी जानेकोछ —परमात्म स्वरूप प्राप्त गरेकोछ, उसको लागि अविद्याको कार्यरूप देखिएका शरीरादिको क्रिया —माया या नियति-शक्तिको निर्देश अनुसार चल्ने रहेर पनि मुटिएको बीउ झैं कुनै कर्म बन्धन या जन्म मरण रूपी नर्या कर्मफल-दिने भाला हुन सक्तैन। यस्तो जीवन्मुक्त महापुरुषको चित्त आत्मदशा (सत्वभाव) मा प्राप्त भएर संधै चिन्मात्र रूपमा अवस्थान (जाग्रतमा सुषुप्ति या विश्रान्ति सुखको अनुभव) गर्दछ। मनको चञ्चल मनन स्वभाव (विषयको चिन्तन) जरै सहित नाश भएर जान्छ, बुद्धि पग्लेर निरतिशय आनन्दस्वरूप ईसंग एकै हुन जान्छ। वासना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एवं अहङ्कार नभएको ज्ञानी मानिस आफ्नो सहज सत् चित् सुख रूपमा रहेर सगुण साकार ईश्वर भै कर्मफलबाट सर्वदा नटांसिई रहन्छ ।

प्रश्न- "यो मन रहित परम सुख लाउने साधनको रहस्य बताउनु होस् ।"

उत्तर- "अज्ञानले गर्दा अनात्म दृश्य पपञ्चमा साँचो बुद्धि र देहादिमा म भाव नै जन्म-मृत्युको कारण हो । अज्ञानको पूरा नाश नभई इच्छा, डर, दुःख र शोक दिने यो संसारको राम्ररी अभाव हुन सक्तैन । चिदानन्द आफ्नो स्वरूपलाई छलङ्ग संग नदेखि अज्ञानको नाश हुंदैन । शुद्ध बुद्धिको सहायताबाट छिन-छिनमा वृत्तिको साक्षी आत्मदेव संग अभेद अनुभव हुनाले उत्पन्न भएको ऐक्यज्ञानको बलियो संस्कारको परिणाम स्वरूपले नै संवित् आत्माको प्रत्यक्ष ज्ञान सम्भव हुन्छ । नभए मलिन बुद्धि द्वारा एकछिनको समाधिमा गरिएको आत्म साक्षात्कार, ब्रह्माकार वासनालाई बढ उने नभएकोले देहादिबाट म भावको अनादि वासमा शिथिल गर्नामा समर्थ हुंदैन । आफ्नै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकाशरूपमा आविर्भाव भएको चिदानन्द आत्म-तत्वमा अभेद बुद्धि र एकता निश्चय या दृढ भावना वृत्ति पूर्वक हुने र आवरण भङ्ग गर्न अवश्यम्भावी रूपले नसक्ने भएकोले छायां ज्ञान मात्र हो। संशय र उल्टापना रही रहेकोले शरीरमा आफू बुद्धि भए भैं जब सारा देखिने कुराबाट मुक्त, चेतन स्वरूपमा दृढ अपरोक्ष आफू बुद्धि ईश्वरको कृपाबाट उत्पन्न हुन्छ तब नै सारा प्रपञ्च सहित अज्ञान समूल नष्ट हुन्छ र कृतकृत्य भएका साधकको मोक्षानन्द स्वभावमा संधै र सजिलै संग स्थिति हुन्छ। यो अज्ञान निवर्तक अन्तिम अखण्डाकार वृत्ति (अपरोक्ष साक्षात्कार) ज्ञानपूर्वक संधै गरिएको समाधिमा नै, अनात्म वासनाको नाश भए पछि उदय हुन्छ।

प्रश्न- "ज्ञान पूर्वकको समाधि केलाई भन्दछन्?"

उत्तर- "स्वाभाविक या हरएक छिनमा हुने समाधि भन्दा भिन्दै विवेक जनित बुद्धिको कूटस्थ आत्माकार वृत्ति मात्र अवशेष रूपमा रहनुलाई 'ज्ञानपूर्वक' या सविकल्प समाधि भनिन्छ। राम्ररी गरिएको ध्यानको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अभ्यासका फलस्वरूप ध्यातारूप म भावको शिथिलता पूर्वक जो ध्येयाकार वृत्ति प्रवाह पानीको धारा झैं चल्दछ, त्यही सविकल्प, समाधि या ब्रह्मभाव हो। अखण्ड वृत्ति धाराको सहायताले संस्कार पूर्वक सत्-चित् आत्मालाई आफू रूपमा अनुभव गर्नु लई नै 'ज्ञान' भनिएको छ। 'म नित्य, चेतन र आनन्द स्वरूप ब्रह्म हूँ' यसरी प्रयत्नपूर्वक शुद्ध, सात्विक र विवेकशिल बुद्धिको सहायताबाट छिन-छिनमा स्वरूपमा विकल्पको लय हुन्छ। यसको फल स्वरूप ध्यानरूप वृत्ति विर्सर, घेरै समय सम्म परमात्मा संग एकताको अनुभव गर्नको लागि चित्तको चलन, परिणाम या विकल्प (ध्याता, ध्यान आदि त्रिपुटी) विल्कूलै शिथिल भएर अद्वैत रूपमा निर्विकार रूपले रहनु या निर्विकल्प - समाधि सिद्ध हुन जान्छ। यो निर्विकल्प या असम्प्रज्ञान समाधिको राम्ररी परिपाक भएपछि सबै आशाहरू उखेलिने र सबै प्रकारका कल्पनाहरू नाश भए पछि ब्रह्मात्मैक्य बोध या ब्रह्मज्ञानको सफलत रूप मुमुक्षुलाई आफ्नो निरा-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चरण र चिन्मात्र स्वभावमा दृढ रूपले रहनु साधित हुन्छ। सार्थक ज्ञान संवत् आत्माको अज्ञानरूपी आवरणलाई हटाएर स्वयं आफूलाई र ध्यातालाई निरतिशय सुखरूप अधिष्ठानमा विलीन गरेर अस्त भएर जान्छ या नित्य चिदानन्द रूपमा पर्यवसित हुन्छ।"

प्रश्न- "निर्विकल्प-समाधि त चित्तको चिन्मात्ररूपमा रहनु हो भने सुषुप्ति या क्षणिक समाधि संग त्यसको के भेद छ?"

उत्तर- "समाधिमा ब्रह्मज्ञान या विशेष प्रकारको ब्रह्माकार वासना रहेको हुनाले त्यस अनुसारको साधन या प्रयत्नलाई अवश्य स्वीकार गर्नु पर्दछ। यो मसिनु सजातीय संस्कारलाई पूर्णरूपले साधन गर्नका लागि निर्विकल्प समाधिको राम्रो अभ्यासबाट परमात्मदेव खुशी भएर साधकलाई आफ्नो स्वरूपको रूपमा प्रत्यक्ष दर्शन दिई उत्तम मुमुक्षु मानिसहरूलाई कृतार्थ गरी दिनु हुन्छ। श्रद्धा र सत्कारका साथ आफ्नो स्वरूपको विशेष अनुसन्धान नभए त्यसै भएको निद्रा या

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समाधि दशामा आत्माकार वासनाको उत्पत्ति र त्यो क्रमै संग बढ्न पाउदैन । विवेक तथा समाधि द्वारा चित्त अत्यन्त सफा भएपछि हृदयमा आत्म भगवान प्रकट भएर आफ्नो परिपूर्ण ज्योतले सबै अज्ञानरूपी अंध्यारोलाई हटाई दिन्छ ।"

प्रश्न- "स्वाभाविक समाधि र बल पूर्वक भएको समाधिको फरक दृष्टान्त दिएर समझाउनु होस् ।"

उत्तर- "अहङ्कारको साक्षी प्रत्येक चिदानन्द नै मेरो वास्तव स्वरूप हो" भनी नित्य निरन्तर अनुसन्धानमा तत्पर भए पछि विस्तार-विस्तार प्रत्येक परमात्मा संग एकताको छल-फलको संस्कार हृदय देशमा पन लाग्दछ । यसको परिणाम स्वरूप सङ्कल्प रहित चित्तको ब्रह्माकार वासना बढेकोले प्रयत्नपूर्वक आफ्नो स्वरूपमा दृढ स्थिति हुन्छ । मनको यो धेरै प्रयत्न द्वारा भएको, मननशून्य, ब्रह्माकारमा अचल रूपबाट रहनु निर्विकल्प समाधि हो—

"प्रशान्त वृत्तिकं चित्तं परमानन्द दीपकम्
असम्प्रज्ञात नामायं समाधिर्योगिनां प्रियः ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रशान्त सर्व सङ्कल्पा या शिलावदवस्थितिः
जाग्रन्निद्रा विनिमुक्ता सा स्वरूपस्थितिः परा ॥

त्यसै प्राप्त भएको एकछिनको समाधिमा विचार (आत्मतत्वको खोजी) हुंदैन। त्यसैले आफ्नो स्वरूपको ज्ञान हुंदैन अथवा वहिर्मुख प्रत्यक्ष ज्ञानीलाई प्रत्यगात्म सम्बन्धी कुरा थाहा भएर पनि विषय वासना जनित प्रमादले गर्दा, त्यसैमा लागि नपर्नाले हृदयमा सजातीय संस्कार जम्मा (भगवत्प्रेम, उत्तम भक्ति) हुन पाउंदैन। फल स्वरूप प्रयत्नको कमीले आत्म भगवानमा निष्ठा कम हुन्छ। स्वरूपको अभ्यास र वासनाको नाश नभएकोले मनको कल्पना दुबलाउंदैन। प्राय सञ्चरलाई नरोकी चित्त वृत्तिको अभाव हुंदैन र अन्तःकरणमा शीतलता आउन पाउंदैन। फल स्वरूप सांसारिक वासनाबाट फेरी प्राण एवं शरीर आदि उत्पन्न हुन्छन्। जबसम्म विषयहरूमा पूरा विरसपना आउंदैन तब सम्म अनात्म पदार्थको ज्ञान र त्यस्ता विषयको प्रेम निवृत्त हुँदैन। संक्षेपमा, जबसम्म चित्तको सत्ता रहन्छ तबसम्म चित्तको साक्षी प्रत्यक् आनन्द

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्म प्रत्यक्ष रूपमा अनुभव हुँदैन। जस्तो कुनै मानिसले 'मणि केलाई भन्दछन" भन्ने नजानेर दुकुटीमा मणिलाई देखेर पनि त्यसलाई मणि हो भनेर चिन्न सक्तैन या मणिको स्वरूपको पूरा परिचय भए पछि पनि यदि मणिलाई हेर्न जिज्ञासापूर्वक तत्पर (एकाग्रचित्त) भएन भने उसले त्यसलाई देखेर पनि "मणि भनेर राम्ररी चिन्न सक्तैन, त्यस्तै नै परोक्षज्ञान नभएको मानिस स्वाभाविक समाधिबाट आफ्नो स्वरूपलाई चिन्न सक्तैन या शास्त्र जान्ने पण्डित भएर पनि आत्मनिष्ठ र समाधिमा नलागेको हुनाले प्रत्यक्ष रूपमा परमात्मालाई आफ्नो स्वरूपमा चिनेर विश्रान्तिरूप सुख पाउन सक्तैन। यसैले विषयबाट फर्केको मननशील बुद्धिको "शास्त्रको श्रवणबाट जानिएको एकरस, नित्य, असङ्ग, सुखरूप आफ्नो भूमा स्वरूपको छलङ्ग ज्ञान कसै गरेर पनि म अवश्य नै सम्पादन गर्दछु" भन्ने एक निष्ठा या त्यसैमा लागि पर्नु—परोक्षज्ञान प्राप्त भए पछि—अत्यावश्यक छ भनेर भनिएको छ। नभए प्रति छिन समाधि प्राप्त भएर पनि परोक्षज्ञानी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वात्मनिष्ठा नभएको हुनाले स्वयंप्रभ शरीर आदि देखि भिन्दै आफ्नो स्वरूपलाई छलङ्ग संग चिन्न सक्तैन, विशेष रूपमा चिनेर त्यस स्वरूपमा परिणति (ब्रह्मात्मभाव प्राप्त) त निश्चय नै टाढाको कुरा हो।

प्रश्न- "ज्ञान निष्ठाको लागि चाहिने मनन तथा ध्यानको विषयमा केही भन्नु होस् ।"

उत्तर- "गुरूको वचन सुनेर उत्पन्न भएको आत्माको परोक्षज्ञान पछि 'यो अद्वैत परमेश्वर आत्मा हुन सक्छ कि सक्तैन' अर्थात् म संसारी मानिस नभएर वास्तवमा परमात्मस्वरूप हूँ कि सांचि नै सुखी दुःखी जीव हूँ र परमात्मा ब्रह्म म देखि भिन्दै एवं चिदानन्द स्वरूप हो?" इत्यादि प्रकारका अनेक-अनेक संशय (असम्भावना) लाई मननात्मक विचार द्वारा हटाएर माथि भनिएको अद्वय आत्म तत्वलाई सुतर्कको सहायताबाट हृदयमा राख्नु पर्दछ। यस पछि राम्ररी जानिएको प्रत्यक वस्तुको आकारमा चित्तलाई संदै आकारित राख्नु पर्दछ। "ध्यानको सहायताबाट, आफूबाट रचना भएका सबै अन म

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विकल्प ज्ञानलाई सर्वथा नाश गरेर बाँकि रहेको परमानन्द स्वरूप आत्म ब्रह्ममा म अवश्य नै पुग्दछु" यसरी राम्रो संग भक्ति या एकनाश संग लागी राख्नु उत्तम मननको नभई नछाड्ने फल हो। त्यसैले यदि त्यसलाई अखण्डाकार स्थिर राखिएन भने पनि बलपूर्वक-प्राणसंयम, धारणादि द्वारा—अवश्य नै चित्तलाई एकाग्र बनाउनु पर्दछ। यसो गर्न कहिले पनि पछि हट्न हुंदैन। यत्न ज्यादै बलियो हुनु आवश्यक छ। वशिष्ठ भगवान भन्नु हुन्छ—

"हतं हतेन सम्पंड्य दन्तान् दन्तैर्विचूर्णयन्
अज्ञानज्ञः समाकेम्य जयादौ स्वकं मनः॥"

जबसम्म अपरोक्षानुभव (नढाकिएको स्फुरणशील आफ्नो स्वरूपमा स्वयं र राम्रो संग रहनु) प्राप्त हुंदैन, तबसम्म संधै सचेत रहनकोलागी भगवान शङ्कराचार्य परमहित कर उपदेश दिनु हुन्छ—

"मातापित्रोर्मलोद्भूतं मलमांसमयं वपुः
त्यक्त्वा चण्डालवद्दूरं ब्रह्मीभूय कृती भव॥
प्रारब्धं पुष्यति वपुरिति निश्चित्य निश्चलः
धैर्यमालम्ब्य यत्नेन स्वाध्यासापनयं कुरु॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त म दङ्कार ंमभ स्वशभुं
भाक्तुर्गले कण्टक वत्प्रतीतम्
विच्छिद्य विज्ञानमहासिना स्फुटम्
भुङ्क्ष्यात्मसाम्राज्यसुखं यथे-म् ॥

अर्द्धन आत्म तत्वको यसरी अन्तिम साक्षातकार भगवानको कृपाले उपन्न भए पछि ढकनीस्वरूप भएको अज्ञान समूल विनष्ट भएर जान्छ र समाधिको समयमा अनुभव भएको परमात्मदेवका वासना—ब्रह्मज्ञानको सहज संस्कार या ब्रह्मविद्या जनित आनन्द -अपरोक्ष ज्ञानवान महात्मा मानिसको लागि ब्रह्मभाव प्राप्त, सहज-समाधि अन्तःकरणको शीतलता, विकल्पक्षय, चित्तनाश, स्वरूपविश्रान्ति या जीवन्मुक्ति भनिन्छ। अनात्मवासना या ध्येयवासनाको अत्यन्त अभाव भएर जानु नै सरूप मनोनाश एवं सदेह मोक्ष हो। यसैको परिणामले तुर्यगा या सातौं ज्ञानभूमिका —प्रारब्ध कर्मभोग सिद्ध पछि—ज्ञेय वासनाको त्याग, अरूप मनोनाश, चित्तको निर्वाण या विदेहावस्था प्राप्त हुन्छ। यसैलाई तुरीयातीत अवस्था पनि भनिन्छ।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रश्न-" समाधि जब निर्विकल्प प्रकाशरूप हो तब उठे पछि त्यसको संझना कसरी हुन्छ ? "

उत्तर-" जस्तो व्यूँझेको मानिसलाई पुनः स्वप्नावस्थाको प्राप्ती संभव छैन त्यस्तै परमार्थ दृष्टिबाट कैवल्य-भाव प्राप्त भएको ज्ञानयोगीको व्यूंझनु सम्भव छैन। शास्त्रको दृष्टिबाट समाधिमा अन्तःकरणको राग्रोसंग बोध पूर्वक अखण्ड रूपमा रहनु (जानि-एको ब्रह्म स्वरूपमा रहनु या आवरण शून्य अद्वय ब्रह्माकार मा स्फूरण) अनुभव सिद्ध या प्रत्यक ब्रह्मैक्य विषयक संझना सम्भव हुन्छ। या परिणाम सूःय या अत्यन्त निर्विकार चित्तको अखण्ड ब्रह्माकार वृत्तिमा छायां परेर शुद्ध प्रत्य-गात्म स्वरूप समाधिदशामा स्फुरित हुन्छ। यसैले उठेपछि आत्मब्रह्मको आफनारूपमा प्रत्य-भिज्ञा या अभेद अनुभवको संझना असंभव छैन। अन्तःकरणको, वृत्ति पूर्वक विशेष रूपमा उपस्थापित कुनै वस्तु आत्मज्योतिमा एकै पटक प्रकाशित हुनु नै त्यस विषयको अनुभव या प्रत्यक्ष ज्ञानको कारण हो। त्यसैले छायां सहितको अन्तःकरण वृत्तिको स्पष्ट विषयता नै पछि संझनाको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कारण हुन जान्छ । जुन वस्तुको ज्ञानमा प्रयोजन अनुसार या रुचि भए मुताबिक जति-जति अंश विशेष वृत्तिपूर्वक निर्विकल्प चेतनको भाष्य हुन्छ, त्यति अंश नै 'यो मानिस हो, यो पुरुष हो, यिनि देवदत्त हो' यसरी भिन्दा-भिन्दै रूपमा पछि गएर सम्झना हुन्छ । स्वप्नको प्रपञ्चको पनि यसैले ब्यूँझदा सम्झना भएको देखिन्छ र आत्मज्ञ मानिसले अवस्था कालको व्यवहार पनि नसम्झने हुँदैन । ज्ञानी मानिसको अन्तःकरणमा पनि त्यसको संस्कार—दढेको वीउ भैं—निर्वाण हुने वेला सम्म पनि रही रहन्छ । यसैलाई सरूप मनोनाश भनिन्छ । अविद्या तथा त्यसको कामवाट छुटकारा पाएको मानिसको खासगरी कुनै सम्वन्ध रहन सक्तैन ।"

प्रश्न- "समाधि अभ्यासको विघ्न कुन-कुन हुन् ?"

उत्तर "अखण्ड एकरस ब्रह्म स्वभावमा निरावरण स्थिति रूप मोक्षानन्द दिने समाधि वेलाको सवभन्दा ठूलो प्रतिवन्ध हो आत्मस्वरुपलाई आदरपूर्वक संधै खोजी नगर्नु । त्यसै लाई प्रमाद, मृत्यु,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्ञान वन्धुता आदि भिन्दा भिन्दै नामहरूबाट बोलाइन्छ । संधै भक्तिपूर्वक आत्मानुसन्धान नगरे आत्माकार वासना वढ्न सक्तैन । अखण्ड वृत्तिको दृढताको विना प्रत्यगात्माको छलङ्ग ज्ञान हुंदैन

"ये यथा मां प्रपद्यन्ते"
"अनन्याश्चिन्तयन्तोमां"
"मामेव ये प्रपद्यन्ते"

ईत्यादि घेरै भगवानका भनाईहरू यस नियति मर्यादा कै विधान गरी रहेछन । अत्यन्त तीव्र संग ब्रह्मतिर फर्केको संस्कार या सारा विषयको परित्याग का साथ संधै ब्रह्म भ्यास हुनु नै ईश्वरको कृपाबाट प्राप्त भएको सम्यक् साक्षात्कारको नियति निर्दिष्ट कारण हो, । किनकि प्रयत्न साध्य ब्रह्मज्ञानको सहायताले ढकनी स्वरूप भएको अज्ञान राम्रै संग खत्तम भएपछि प्रत्यगात्मा आफै देखिन्छ समाधि गर्ने बाटोमा प्रमाद्र वाहेक अरू पनि धेरै वाधाहरू छन । जस्तो अल्छ्याई, राग, निद्रा, अविवेक, विषयको स्फुरण, चित्तको सुखाकार वृत्ति या दुःख ।

"श्रेयांसि वहु विघ्नानि"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनुसार श्रेष्ठ मुमुक्षुलाई समाधि अभ्यासलाई कुनै प्रकारले हेला गर्नु ठिक छैन । अत्यन्त दृढ ब्रह्मात्म स्वरूपको भावना विना प्रत्यक्ष सिद्ध जीव-भावको निवृत्ति कसै गरेर संभव छैन ।"

प्रश्न- "कोही-कोही मन्दछन् कि समाधिमा कसैलाई कुनै कुराको पनि अनुभव हुंदैन, के यो सांचो हो ?"

उत्तर- "ब्रह्मवेत्ता गुरूको कृपाबाट ठगिएको मानिसको आफ्नो भूल अनुभव, बिल्कुल झूठा हुनाले हेला गर्री छाड्नु योग्य छ । सबै अनात्म विषयबाट दृढ वैराग्यपूर्वक फर्केको मनको प्रत्येक चिदा-त्माको आकारमा निर्विकार स्थितिको नाम हो 'समाधि' । यस तुरीय अवस्थामा 'कसैलाई कुनैकुरा' रूप जड़ शक्तिया दृश्यलाई देख्नु रहंदैन । देशकाल आदि सबै परिच्छेदक उपाधिहरूको अभाव भएपछि नटुक्रिएको चेतन त्यस वेला भूमा या ब्रह्मरूपमा देखिन्छ । चिन्मात्र प्रत्येक वस्तुको त कहिल्यै र कहिं पनि अभाव हुन सक्तन । आफ्नो स्वरूपको नित्यता र प्रकाशरूपता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सबैलाई चाहना छ । अनात्म शरीर, अहङ्कार र वासना अनित्य, जड एवं दुःखरूप हो । 'यी सारा आउने जानेवाला हुन्' भन्ने निश्चय गरेर बलियो संग विषयबाट तृष्णा हटाए पछि चित्त अत्यन्त वासना रहित भएर परिणाम शून्य र ब्रह्मरूपमा रहन जान्छ । दृढ आत्म वासनाको बलले भूलले देखिएको सबै विषय एवं विकल्प-हरूको राम्रोरी अभाव भए पछि त्यस अभाव लाई थाहा पाउने रूपमा नित्य, कूटस्थ, प्रत्य-गात्म निज, अपरिच्छिन्न, सामान्यरूपमा देदीप्य-मान रहन्छ । परिपूर्ण, अविनाशी, स्वप्रकाश आफ्नो आनन्दस्वरूप—सबै सङ्कल्पहरू नाश भए-पछि—बांकी रहन्छ । जस्तो सर्पको आश्रय खास डोरी नै हो, त्यसबाट भिन्न फरक अरू केही होइन, त्यस्तै नै समाधिको वेलामा सङ्कल्प भए नभएको थाहा पाउने, कल्पना रहित, चिन्मात्र, एकरस, परमानन्दस्वरूप आत्मभगवान आफ्नो जाज्वल्यमान रूपमा विराजमा रहनु हुन्छ । मिथ्या देखिने वस्तुको अप्राप्ति र अत्यन्त अभाव —चित्प्रकाश वाहेक कुनै सांचो वस्तु नहुनाले—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एकमात्र प्रकाशरूप नित्य ब्रह्म हो । सबै कल्पना-हरूको अधिष्ठान—दृश्यभावको सहायतावाट उपलक्षित—सारा उपाधी शून्य, त्वं पदको लक्ष्य आफ्नो वास्तव स्वरूप अद्वितीय, शुद्ध, शान्त, परमात्म चैतन्य संग अभेद भन्ने थाहा भएपछि आत्मज्ञ मानिस परिपूर्ण ब्रह्मरूपमा नै रहन्छ । अनुभवरूपले पूर्ण परमात्मालाई हटाउनको सक्तछ ? यो कसैको अनुभवको विषय नभएर पनि अनुभव गर्ने वालाका आत्म रूपमा संधै र सर्वत्र प्रकाशमान छ । स्वयंप्रकाश आफ्नो आनन्दमा जानी-बुझीकन रहनु चित्तको शास्त्र सिद्ध पूर्णता या चित्त-विश्रान्ति हो । "

प्रश्न- "यस परमार्थको अनुभव के मनको सहायतवाट हुन्छ ? "

उत्तर- "समाधिको परिपाकमा राम्रोरी जानिएको आत्म-भगवान अनन्त सुखरूपमा नै उपलब्ध हुन्छ । आवरण नहरे सम्म ब्रह्माकार वृत्ति या ब्रह्मविषयक बोधको अनिवार्य रूपले आवश्यकता छ । आवरण भङ्ग भए पछि आत्मब्रह्म निज नित्य,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निरतिशय ज्योतिमा देखिन्छ। जसरी मणिको आपनै चमक द्वारा मणि देखिन्छ, त्यसै गरी चिदात्मा पनि आफ्नो उज्ज्वल रूपबाट संधै चमकिलो रहन्छ र प्रत्यक्ष बोध भए पछि 'एक चोटा देखिने' रूपमा स्फुरित भएर आउँछ। निर्विकल्प समाधिको परिपाक अवस्थामा सबै वृत्तिहरूको सर्वथा निरोध भए पछि वृत्ति चेतन मात्ररूप या ब्रह्मतत्त्व भएर जाने हुंदा बोध स्वरूप ब्रह्म आफ्नो स्फुरण स्वभावमा आफै राम्ररी प्रकट हुन जान्छ। छुट्टै प्राप्त गर्ने वालावाट प्राप्त हुंदैन। चेतनबाट देखिने बोधरूप अन्तिम सम्पूर्ण वृत्ति र बोधस्वरूप ब्रह्मको एकै स्वरूप हुनाले (बाधित त्रिपुटीको अधिष्ठानरूप हुनाले) "स्वयं तदन्तः करणेन गृह्यते" भन्ने यो भनाई ठिकै छ। जबसम्म अन्तःकरण ब्रह्मस्वरूपमा राम्रोसंग वर्दलिंदैन तबसम्म प्रत्यगात्माको ज्ञान चेतन द्वारा उज्यालिएको वृत्तिको सहायतावाट (परोक्षरूपमा) हुन्छ, त्रिपुटी भाव पाले पछि अत्यन्त सफा चित्तमा कसैको आधार नभएको परमात्मा आफै प्रकाशित हुन जान्छ। जड़ चित्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यसलाई कसरी प्रकाश गर्न सक्छ ? "

प्रश्न- "के यो अनुभव नाश हुन्छ ? "

उत्तर- "साक्षात्कार वृत्ति या बोध परमात्मस्वरूपमा विलीन भएर जान्छ, त्रिपुटीको साक्षी अनुभव-स्वरूप प्रत्येक ब्रह्म अविनाशी हुनाले ब्रह्मज्ञानी महापुरुष संधै र सबै ठाउंमा ठूलो आनन्दमा रहन्छ । हृदयको गांठो नाश भए पछि मुक्त-पुरुष बुद्धि आदिको गुणमा कहिले पनि मिल्दैन । यही अविद्याको नाश हो । "

प्रश्न- "अपरोक्ष ज्ञानको फल के हो ? "

उत्तर- "परम तृप्ति नै सम्यक ज्ञानको फल हो । चित्त नाश भए पछि सारा आशारूपी ज्वर (सन्ताप) को बिल्कूल अभाव भएर जान्छ र सुखको अन्तिम सीमा या देहादि रहित अन्तिम अवना-वटी आनन्दको उत्पत्ति हुन्छ । कर्माभाव या कर्म बन्धनबाट मुक्ति ब्रह्मवेत्ता महापुरुषको नै सम्भव छ अरूको सम्भव छैन । आत्मालाई जान्ने मानिसको व्यवहारमा या समाधिमा, सुख या दुःखमा, जन्म या मरण सबै ठाउंमा सजिलै संग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बारावर बुद्धि हुन जान्छ । आत्मज्ञानीमा कुनै प्रकारको खिन्नता रहंदैन । ज्ञानी शरीर सहित भएर पनि वास्तवमा शरीर रहित र काम गरी रहेको भएर पनि काम गर्नेवाला होइन । उनी देहवान भएर पनि साक्षात ईश्वर रूपमा रहन्छन् । त्यसैले उनको सेवा, सम्मान, पूजा आदि भगवानको पूजाबाट भै भक्तहरूको निःशंक कल्याण (भूक्ति र मुक्ति दुवै) लाई सिद्ध गर्दछ । "



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वाल्मीकिविद्यापीठपुस्तकालयः

प्रत्यावर्तनतिथिः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुस्तक प्राप्ति स्थान

१. साझा प्रकाशनको केन्द्रमा ।

२. साझा प्रकाशनका सबै शाखाहरूमा ।

३. साझा प्रकाशनका सबै उपशाखाहरूमा ।

४. साझा प्रकाशनका सबै एजेन्टहरूकाहाँ ।

[अद्वैत संस्थाको सबै किताबहरूको सोल एजेन्ट साझा प्रकाशनलाई दिइएको छ]

मुद्रक :- भारती प्रेस, १/१६५ नारायणगढ चितवन (नेपाल) ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu